Jana Aakash National Weekly

# जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१४ , अंक- ३८, २०७९ साल बैशाख १३ गते मंगलबार (Apr 26, 2022) www.janaakash.com.np मूल्य रु १०।-

**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्कः ४१६७५७८ (बागबजार)

मोबाइलः ९८६१५८८४५६

Email: jana.news2065@gmail.com

## २०७९ स्थानीय निर्वाचन विशेष

# १ लाख ३६ हजारभन्दा बढी उम्मेदवारले मनोनयन दर्ता गरे

**मोहन कार्की**

काठमाडौं । स्थानीय तह निर्वाचनमा७५३ वटै पालिकामा राजनीतिक दल र स्वतन्त्र उम्मेदवार गरी १ लाख ३६ हजार २६९ उम्मेदवारले मनोनयनदर्ता गराएका छन् । निर्वाचन आयोगले दिएको जानकारी अनुसार आइतबार र सोमबार गरी यो संख्यामा उम्मेदवारी दर्ता भएको हो ।




स्थानीय तहमा ३० वैशाखमा ३५ हजार २ सय २१ जनप्रतिनिधिका लागि चुनाव हुँदैछ । २०७४ को स्थानीयतहको चुनावमा १ लाख ५१ हजार १ सय ९० जनाले उम्मेदवारी दिएका थिए ।

देशभरका २९३ नगरपालिकामा ३ हजार २६१ जनाले नगरप्रमुख( मेयर)पदमा उम्मेद्वारी दिएका छन् भने उपप्रमुख(उपमेयर)पदमा २ हजार ३ जनाको मनोनयन परेको छ ।

गाउँपालिका अध्यक्षका लागि ३ हजार २५४ जनाको मनोनयन परेको छ भने २ हजार २९२ जनाले उपाध्यक्षमा उम्मेद्वारी दिएका छन् ।

यसैगरी वडाध्यक्ष पदका लागि ३२ हजार ५९, महिला सदस्यमा २३ हजार ३ सय ७५, दलित महिला सदस्यमा २१ हजार ११५ र सदस्यपदका लागि ४८ हजार ९१० जनाले उम्मेद्वारी दिएका छन् ।

२०७२ सालको नयाँ संविधान जारी भएपछि नयाँ संरचना अर्न्तगत दोस्रो पटक हुनलागेको स्थानीय निर्वाचनमा एउटा वडामा दलित, महिला, खुल्ला सदस्य गरी ५ सदस्य रहेको हुन्छ । प्रत्येक वडावाट यसरी ५/५ जना जनताले चुनेर पठाएका जनप्रतिनिधिहरु गाउँपालिकामा गाउँकार्यपालिका सदस्य हुन्छन् । भने नगरपालिकामा नगर कार्यपालिका पदेन सदस्य हुन्छन् । प्रत्येक पालिकामा एकजना प्रमुख र एक जना उपप्रमुख रहने व्यवस्था छ । स्थानीय निर्वाचनको बाँकी ६ पृष्ठमा

## यी हुन् राप्रपाका उम्मेदवार

पोखरा । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) तर्फबाट पोखरा महानगरको प्रमुख र उपप्रमुख पदका अकांक्षीले भ्रष्टाचार नगर्ने कसम खाई उम्मेदवारी घोषणा गरेका छन् । सो दलको तर्फबाट पोखरा महानगरको प्रमुखमा शंकर खराल र उपप्रमुखमा रञ्जना सेन पौडेल (रञ्जू) ले उम्मेदवारी दिन लागेका हुन् । आइतबार विन्ध्यवासिनी मन्दिरमा राप्रपा गण्डकी अध्यक्ष पञ्चराम गुरुङले प्रमुख र उपप्रमुख पदका प्रत्यासीलाई भ्रष्टाचारमुक्त समाज निर्माण गरी सुशासन कायम गर्न कसम खुवाएका हुन् । साथै राप्रपाबाट कास्कीका विभिन्न पालिका र वडाबाट उम्मेदवार बन्न लागेका आकांक्षीले पनि भ्रष्टाचार नगर्ने कसम खाएका थिए ।

राप्रपा प्रदेश कमिटी अध्यक्ष गुरुङले भ्रष्टाचार नेपालको सबैभन्दा ठूलो रोग भएको भन्दै यसको अन्त्यका लागि आफ्नो दल कटिबद्ध रहेको बताए । ठूला भनिएका राजनीतिक पार्टीले पटक(पटक सत्तामा पुगेर पनि जनता झुक्याउने काम गरेको बताउँदै उनले धर्म, संस्कार र संस्कृति रक्षा गर्ने तर्फ पनि आफूहरु सचेत रहेको बताए ।

नगर प्रमुखमा उम्मेदवारी दिन लागेका खरालले समुन्नत पोखरा निर्माणका लागि भ्रष्टाचारको अन्त्य गर्दै सफा, स्वच्छ र हराभरा पोखरा बनाउने लक्ष्य आफ्नो रहेको भनाइ राखे । कार्यक्रममा राप्रपाका पूर्व केन्द्रीय सदस्यद्वय डा. महेन्द्रबहादुर कार्की र विष्णुदेवी गुरुङ तथा राप्रपा कास्कीका पूर्व जिल्ला अध्यक्ष जयलाल पुनले बोलेका थिए ।

त्यस्तै काठमाडौं महानगरको मेयरमा मदनदास श्रेष्ठ, उपमेयर विनिता मगैया, ललितपुर महानगरको मेयरमा अष्ट महर्जन, उपमेयर स्वर्णिमा शाक्य, वीरगंज महानगरमा गिरिश गिरी, उपमेयरमा बिना जयसवाल, बुटवल उपमहानगरमा मृगेन्द्र शेरचन, शुक्लाफाँटा नगरपालिकाको प्रमुखमा जित बहादुर भण्डारी र उपप्रमुखमा लक्ष्मी चन्द रहेका छन् ।

यसैगरी बिर्तामोडको प्रमुखमा ध्रुव उप्रेती, उपप्रमुखमा रञ्जु प्याकुरेल, सिद्धार्थनगरमा सागर प्रताप राणा, देवदहमा माधब रिमाल, तिलोत्तमामा भुवन खनाल, सैनामैनामा मीनप्रसाद घिमिरे, तानसेन नगर प्रमुखमा सुदीप रेग्मी र उप प्रमुखमा बिर्जु खाती, दमकमा राम थापा, बाँकी ६ पृष्ठमा

## निवर्तमान प्रमुख चिरीबाबु महर्जनको उम्मेदवारी दर्ता

ललितपुर । ललितपुर महानगरपालिकाको प्रमुख पदमा सत्तापक्षीय गठबन्धनमा नेपाली काँग्रेसबाट चिरीबाबु महर्जनले र नेकपा (माओवादी केन्द्र)बाट बाबुराजा ब्रजाचार्यले उम्मेदवारी दर्ता गर्नुभएको छ । सोमबार दिउँसो समर्थकसहित



चिरीबाबु र ब्रजाचार्यले आफ्नो उम्मेदवारी दर्ता गराउनुभएको हो । महर्जन निवर्तमान नगर प्रमुख हुनुहुन्छ ।

यसैगरी, ललितपुर महानगर पालिकाको प्रमुख पदमा ११ जनाको उम्मेदवारी परेको छ । ललितपुर महानगरपालिकाको प्रमुखमा नेकपा ( एमाले)बाट हरिकृष्ण ब्यन्जनकार र उपप्रमुखमा अन्जली शाक्यले उम्मेदवारी दिनुभएको छ ।

ललितपुर महानगरपालिकाका उपप्रमुख पदमा सात जनाको उम्मेदवारी परेको ललितपुर महानगरका सहायक निर्वाचन अधिकृत विष्णु पाण्डेले जानकारी दिनुभयो ।

ललितपुर महानगरपालिकाको प्रमुख पदमा १० जनाको उम्मेदवारी परेको छ । महानगरपालिकाको प्रमुखमा नेकपा (एमाले)बाट हरिकृष्ण ब्यन्जनकार र उपप्रमुखमा अन्जली शाक्यले उम्मेदवारी दिनुभएको छ ।

यसैगरी, बाँकी ६ पृष्ठमा

## म कांग्रेस र एमालेको भोट काटेर चुनाव जित्छु : बालेन शाह

काठमाडौं । काठमाडौं महानगरपालिकाको मेयर पदमा उम्मेदवारी दर्ता गरेका इन्जिनियर तथा र्‍यापर बालेन शाहले आफू नेपाली कांग्रेस र नेकपा एमालेको भोट काट्न उम्मेदवारी दिएको बताएका छन् ।

आइतबार राष्ट्रिय सभागृहमा पुगी मुख्य निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारी दर्ता गरेपछि मिडियासँग कुराकानी गर्दै शाहले भने, ‘म भोट काट्न उठेको हो । नेपाली कांग्रेस र नेकपा एमालेको भोट काट्न आएको हुँ । उनीहरुको भोट काटेर म जित्न आएको हुँ ।’

एउटा स्वतन्त्र तथा वैकल्पिक शक्तिले अर्को यस्तै शक्तिलाई सहयोग गर्नुपर्ने उनले जनाए । उनले एउटा वैकल्पिक शक्तिले अर्को वैकल्पिक



शक्तिलाई स्वीकार्नु पर्ने समेत बताए । ‘वैकल्पिक शक्ति एउटा मात्र हुनुपर्छ भन्ने छैन । कतिपय वैकल्पिक शक्तिसँग हाम्रो सहकार्य भयो र कतिपयले मान्नु भएन । यो लोकतान्त्रिक अभ्यास हो,’ उनले भने । शाहले काठमाडौंको मेयरमा आफूले ९० हजार ८३५ मतले जित्ने दाबी दोहोर्‍याए । अघिल्लो पाँच वर्षकोजस्तो दुःख नभोग्न मतदाताले आफूलाई मत दिनुपर्ने उनले जनाए । व्यवस्थापनको कमजोरीले गर्दा काठमाडौंका जनताले सुख पाउन नसकेको बुझाई उनको छ ।

‘युवा भएर मात्र भोट मागेका छैनौं । दृष्टिकोण बनाएका छौं सोही अनुसार काम गर्छौं भनेर भोट मागेका छौं,’ शाहले भने, ‘स्थानीय निर्वाचन निर्दलीय हुनुपर्छ भन्ने हाम्रो सिद्धान्त हो ।’ मतदानअघि सकभर काठमाडौंका सबै वडा र टोलमा पुग्ने आफ्नो कार्यक्रम रहेको उनले सुनाए । उनले प्रश्न गरे, ‘चुनाव अघि घरघर आउने मेयर चाहिएको बाँकी ६ पृष्ठमा




हामी पन्ध्र वर्ष पूरा गरी सोह्रौं वर्षमा प्रवेश गरेका छौं ।

यस सुखद अवसरमा समस्त आदरणीय ग्राहकवर्गहरु, शेयरधनीहरु, नियामक निकायहरु, कर्मचारीहरु तथा शुभचिन्तकहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनहरुमा अझै उच्चस्तरीय सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

| | |
|---|---|
| चुक्ता पूँजी | रु. १४ अर्ब २० करोड |
| कर्जा | रु. १ खर्ब ३६ अर्ब ७२ करोड |
| निक्षेप | रु. १ खर्ब ४६ अर्ब ६१ करोड |
| खुद नाफा (तेस्रो त्रैमास २०७८/७९) | रु. १ अर्ब ५८ करोड ९६ लाख |
| शाखा | १७४ |
| कर्मचारी | १,७६३ |
| मोबाइल तथा ईन्टरनेट बैकिङ्ग | ६ लाख १३ हजार |
| ग्राहक संख्या निक्षेप | १३ लाख ५५ हजार |
| ग्राहक संख्या कर्जा | ६० हजार ६ सय |
| डिम्याट खाता | १ लाख ५६ हजार |

Citizens Support Center - Email: support@ctznbank.com, Tel: 01-5970068

Citizens Bank

Narayanhiti Path, Kathmandu
TEL:+977 1 4427842/43/24
EMAIL:info@ctznbank.com
SWIFT: CTZNNPKA

#CTZNprogress

'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# २०७९ को निर्वाचन देशको हित र जनताको पक्षमा होस्

यही बैशाख ३० गते हुन गइरहेको स्थानीय निर्वाचन देशको हितमार जनताको पक्षमा होस् । संविधानले ब्यवस्था गरेका महत्वपूर्ण विषयलाई कार्यन्वयन गर्न सक्ने क्षमता भएका र स्थानीय सरकारको संरचना बुझेका अनुभवी, अध्ययनशील, कर्तब्यनिष्ठ , इमानदार जनताप्रति जवाफदेही हुने उम्मेद्धारहरुलाई वैशाख ३० गते हुन गईरहेको स्थानीय निर्वाचनमा बिजयी हासिल गरुन भन्ने आम परिवर्तनकारी नेपालीहरुको चाहना रहेको छ ।

यो असल नेपालीहरुको चाहनालाई साथ दिन र देशको हितमा जनताको पक्षमा काम गर्न सक्ने उम्मेद्धारहरु साना पार्टीका हुन वा स्वतन्त्र नै किन नहुन् । राष्ट्र र समाजको लागि सफल नेतृत्व गर्न सक्षम छन भने पार्टी नहेरी असल शासनको पक्षमा प्रष्ट खाका बनाएर पत्यारिलो आधार प्रस्तुत गरेका स्वतन्त्र उम्मेद्धार वा साना राजनीतिक दलका उम्मेद्धारहरुलाई जनताले जनताकै लागि काम गर्ने ठाउँमा पठाउन मतदान गर्नुपर्छ र ती असल शासन सोच, ब्यवहार भएका नेतृत्व स्थानीय अधिकार, स्रोत साधन साथै ब्यवस्थान गर्ने ठाउँमा गए भने उनिहरुले स्रोत साधनको सही सदुपयोग गरेर देशको हितमा र जनताको पक्षमा काम गर्न सक्छन् ।

५ वर्षमा एकपटक आउने यस्तो महत्वपूर्ण अवसर जनताले जनताको लागि जनताकै सिफारिसमा पठाएको ब्यक्तिले गर्ने शासनलाई नै स्थानीय सरकार भनिन्छ । यस्तो महत्वपुर्ण अवसरलाई सर्वसाधरण जनता देखि चेतनशील नागरिकहरुले निक्कै गहिरिएर अध्ययन गरेर सोच विचार गरेर आफ्नो मताधिकार प्रयोग गर्न सक्नुपर्छ ।

तब मात्र देशको हितमा जनताको पक्षमा हुन्छ । हाल नेपालमा ठूला भनिएका पार्टीहरुले उठाएका उम्मेद्धारहरु हेर्दा परिवर्तन आउने छाटकाट देखिदैन । समग्रमा पार्टीले उठाएका केही ठाउँलाई छोडेर हेर्ने हो भने अधिकाँश पञ्चायत देखि अहिलेसम्म शासन गरेका ब्यक्तिहरुको उम्मेद्धारीको बाहुल्यता देखिएको हुनाले खासै परिवर्तन नहोला की भन्ने आशंकाहरु पनि उत्पन्न हुन थालेका छन् ।

हुन पनि हो विगतमा स्थानीय सरकारको नेतृत्व गरेका सरकारहरुले संविधानले उल्लेख गरेका ब्यवस्था भन्दा पनि जनप्रतिनिधिले जुन पार्टीवाट निर्वाचन जितेका हुन् उनीहरुले त्यही पार्टीका कार्यकार्ता वाहके कसैलाई पनि अवसर नदिएर स्थानीय सरकारका निकायहरुमा करारमा कर्मचारीको नाममा कार्यकर्ता भर्ति गरेर अनाआवश्यक खर्च बढाउने र कार्यलय नै अस्त ब्यस्तहुने वातावरण बनाउने कामहरु स्थानीय सरकारहरुले गर्न दिनुहुदैन ।

स्थानीय सरकार भनेको सवैको साझा सरकार हो । निर्वाचनको वेला जो कसैलाई सहयोग गरे पनि निर्वाचित भइसकेपछि कुनै पार्टीको हुदैन । सवैलाई सम्मान ब्यवहार गरेर अन्यायमा परेकालाई न्याय अप्ठ्यारमा परेकाको उद्धार बिपन्नलाई माथि उठाउने योजना जस्ता काम गर्न सक्नुपर्छ । अर्को देशमा बढ्दो बेरोजगार र नेपालमा भविष्य न देख्दा हजारौंको संख्यामा विदेश गइरहेका युवापुस्ताहरुलाई आफ्नै देशमा रोजगार सृर्जना गर्न सक्ने वातावरण बनाउन सक्नुपर्छ तवमात्र स्थानीय सरकारले सार्थकता पाउछ । यसरी मुलभुत विषयलाई संगालेर काम गर्दै जनताको उन्नति देशको हितमा काम गर्न सक्ने नेतृत्वहरु स्थानीय निकाय मातहतका जनताले छान्न सक्नुपर्छ ।

# सत्ताका निम्ति दलित भोट बैंकको राजनीति

**मानबहादुर बिश्वकर्मा**

आधुनिक नेपालको निमार्णदेखि नै अभूतपूर्व र विशिष्ट भूमिका खेल्दै आएका दलित समुदायको २००७, २०३१, २०३६, २०४६, २०५२ र २०६२/०६३ सालमा भएका विभिन्न राजनीतिक आन्दोलनमा महत्वपूर्ण योगदान छ ।

देशमा लोकतन्त्र, संघिय र समानुपातिक समावेशिता जस्ता राजनीतिक उपलब्धिहरु हाँसिल गर्नका निम्ति हजारौं दलितले बलिदानी गर्दै आएका छन् । तसर्थ, लोकतन्त्रमा राज्यदत्त अबसर सेवा सुविधाका लागि गैरदलित समुदाय जति हकदार छ, दलित समुदाय पनि उत्तिकै मात्रामा हकदार छ ।

तर विडम्बना लामो कालखण्डदेखि नै दलित समुदाय राज्यसंयन्त्रका हरेक अंगहरुमा प्रतिनिधित्वका हिसाबले असाध्यै पछाडी पर्दै आइरहेका छन् । लोकतन्त्र स्थापनापछि पनि दलितका मुद्दाको सम्बोधन अपेक्षित र प्रभावकारी हुन नसक्दा दलित माथिको उत्पीडन ज्युका त्युँ रहेको छ ।

जातीय भेदभाव तथा छुवाछूतका नाममा समाजबाट बहिष्कृत, आर्थिक–राजनीतिक तथा शैक्षिक लगायतका हिसाबले चरम उत्पीडित र राज्य प्रदत्त सबैजसो अबसरहरुबाट बञ्चित गरिदै आएका ५० औँ लाख दलित समुदायलाई शासकीय संरचनामा पनि समन्यायिक हिसाबले सहभागी गराइनुपर्छ । त्यसका निम्ति आसन्न स्थानीय तहको निर्वाचनमा राजनीतिक दलहरुबाट दलित समुदायको मतको रणनीतिक प्रयोग गर्ने र सत्ताको भ-याङमात्रै बनाउने प्रपञ्च गरिनु हुँदैन । हाम्रा राजनीतिक दलहरुबाट विगतमा हुँदै आएका दलित भोट बैंकको नितान्त रणनीतिकरुपमा प्रयोग गरिदै आएका गलत परि परिपाटी अब कदापि स्वीकार्य हुन् सक्दैन । यस किसिमका प्रयोगमूलक र अबसरवादी कार्यहरु दलित हित र उत्थानका बिरुद्ध हुने देखिन्छ ।

देशमा लोकतन्त्र, संघिय र समानुपातिक समावेशिता जस्ता राजनीतिक उपलब्धिहरु हाँसिल गर्नका निम्ति हजारौं दलितले बलिदानी गर्दै आएका छन् । तसर्थ, लोकतन्त्रमा राज्यदत्त अबसर सेवा सुविधाका लागि गैरदलित समुदाय जति हकदार छ, दलित समुदाय पनि उत्तिकै मात्रामा हकदार छ ।

अर्कोतर्फ राजनीतिक दलहरु संविधानमा उल्लिखित समानुपातिक समावेशी सिद्धान्त विरुद्ध उभिनु हुँदैन । दलित दसमुदालाई संवैधानिक व्यवस्थाअनुरुप सरकारका निर्वाचन प्रक्रियामार्फत सरकारका संयन्त्रमा सहभागी गराउनुपर्छ । समानुपातिक समाबेशी दृष्टिकोणले दलित समुदायलाई निरन्तर बाहिर राख्ने कार्यले राजनीतिक दलहरुलाई दलित विरोधी, परिर्वतन विरोधी र व्यवस्था विरोधी ट्याग लाग्ने गम्भिर खतरा पैदा हुँन सक्छ । लोकतन्त्र, संविधान र संघियताको पहरेदार र जनताका आस्थाको धरोहरमानिने राजनीतिक दलहरुबाट गरिने त्यस्ता धोकाधडीपूर्ण कार्यको प्राप्त उपलब्धिहरुको रक्षा र निरन्तरताका निम्ति रत्तिभर सहयो पुग्ने देखिँदैन । यसर्थ, स्थानीय तहको निर्वाचनमा दलित प्रतिनिधित्व जस्तो गम्भिर बिषयमा सबैजसो राजनीतिक दलहरुले विशेष ध्यान दिनुपर्ने हुन्छ ।

यस पटकको स्थानीय तहको निर्वाचनमा राजनीतिक दलहरुले दलित समुदायको अर्थपूर्ण प्रतिनिधित्व गराउन उम्मेदवारी छनोटका सन्दर्भमा फराकिलो दिल बनाउन तयार हुनुपर्छ । पाटीमा राजनीतिक योगदान भएका र सक्षम दलितहरुलाई अघि बढाई समानुपातिक समाबेशीसम्बन्धी संवैधानिक व्यवस्थाको मर्मानुरुप कार्यान्वयन गर्न तयार हुन आवश्यक छ ।

**नेपालको लोकतान्त्रिक आन्दोलनको लामो संघर्षपश्चात् नेपालमा एकात्मक केन्द्रीकृत राज्यबाट संघीय राज्यमा रूपान्तरित भएको छ । यति मात्र होइन, समान्तवादले जकडिएको समाजले वर्ग र जातका आधारमा नेपाली समाजलाई नराम्रोसँग आक्रान्त बनाएको थियो । यही लोकतान्त्रिक आन्दोलनको परिणामस्वरूप अहिले बहिष्करणमा पारिएका समुदायको समानुपातिक समावेशी सिद्धान्तलाई नेपालको संविधानले स्विकारेको छ । संविधानले ब्यवस्था गरेका अधिकार त्यतिवेला मात्र कार्यान्वयन भएको मानिन्छ, जतिवेला उनीहरूले आफनो अधिकारको दाबी गर्न सक्छन् । अहिलेको स्थानीय तहको निर्वाचनले सीमान्तकृत तथा बहिष्करणमा पारिएका समुदायले आफ्नो अधिकार दाबी गर्न सक्ने अवस्थामा पु-याएको छ । संविधान कार्यान्वयनका लागि २०७४ सालमा तीन चरणमा गरी स्थानीय निर्वाचन सम्पन्न भएको थियो । ७ सय ५३ स्थानमा भएको स्थानीय निर्वाचनमा ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २ सय ७६ नगरपालिका र ४ सय ६० गाउँपालिका गरी जम्मा ३५ हजार ४१ स्थानीय जनप्रतिनिध चुनिएका थिए । स्थानीय तह निर्वाचन ऐन २०७३ को बाध्यकारी नियमका कारण अहिले स्थानीय सरकारमा दलित महिलाको प्रतिनिधित्वले ऐतिहासिक छलाङ मारेको देख्न सकिन्छ । कानुनमा बाध्यकारी गरिएको ब्यवस्थाका कारण देशभर करिब ६ हजार ५ सय दलित महिला सदस्य विजयी भएका छन् । तर, कानुनले बाध्यकारी नबनाएका स्थानमा भने न्यून उपस्थिति रहेको माथिको तथ्यांकले देखाएको छ । सात सय ५३ स्थानीय तहको निर्वाचनमा दलित महिलाको उल्लेख्य उपस्थितिले इतिहासदेखि दलितमाथि गरिँदै आएको राजनीतिक बहिष्करणमा पारिने परिपाटीमा ऐतिहासिक क्रमभंग गरेको छ ।**

नेपालको लोकतान्त्रिक आन्दोलनको लामो संघर्षपश्चात् नेपालमा एकात्मक केन्द्रीकृत राज्यबाट संघीय राज्यमा रूपान्तरित भएको छ । यति मात्र होइन, समान्तवादले जकडिएको समाजले वर्ग र जातका आधारमा नेपाली समाजलाई नराम्रोसँग आक्रान्त बनाएको थियो । यही लोकतान्त्रिक आन्दोलनको परिणामस्वरूप अहिले बहिष्करणमा पारिएका समुदायको समानुपातिक समावेशी सिद्धान्तलाई नेपालको संविधानले स्विकारेको छ । संविधानले व्यवस्था गरेका अधिकार त्यतिवेला मात्र कार्यान्वयन भएको मानिन्छ, जतिवेला उनीहरूले आफनो अधिकारको दाबी गर्न सक्छन् । अहिलेको स्थानीय तहको निर्वाचनले सीमान्तकृत तथा बहिष्करणमा पारिएका समुदायले आफ्नो अधिकार दाबी गर्न सक्ने अवस्थामा पु-याएको छ ।

संविधान कार्यान्वयनका लागि २०७४ सालमा तीन चरणमा गरी स्थानीय निर्वाचन सम्पन्न भएको थियो । ७ सय ५३ स्थानमा भएको स्थानीय निर्वाचनमा ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २ सय ७६ नगरपालिका र ४ सय ६० गाउँपालिका गरी जम्मा ३५ हजार ४१ स्थानीय जनप्रतिनिध चुनिएका थिए । स्थानीय तह निर्वाचन ऐन २०७३ को बाध्यकारी नियमका कारण अहिले स्थानीय सरकारमा दलित महिलाको प्रतिनिधित्वले ऐतिहासिक छलाङ मारेको देख्न सकिन्छ । कानुनमा बाध्यकारी गरिएको व्यवस्थाका कारण देशभर करिब ६ हजार ५ सय दलित महिला सदस्य विजयी भएका छन् । तर, कानुनले बाध्यकारी नबनाएका स्थानमा भने न्यून उपस्थिति रहेको माथिको तथ्यांकले देखाएको छ ।

सात सय ५३ स्थानीय तहको निर्वाचनमा दलित महिलाको उल्लेख्य उपस्थितिले इतिहासदेखि दलितमाथि गरिँदै आएको राजनीतिक बहिष्करणमा पारिने परिपाटीमा ऐतिहासिक क्रमभंग गरेको छ । तर, वडा सदस्यमा मात्र दलित समुदायलाई सीमित पारी राजनीतिक चलखेल गरिएको बुझ्न कठिन छैन् ।

यसका साथै, सात सय ५३ स्थानीय तहको निर्वाचनमा दलित महिलाको उल्लेख्य सहभागिता रहेको छ । यो उपस्थितिले ऐतिहासिक कालखण्डदेखि दलितमाथि गरिएको राजनीतिक बहिष्करणमा पारिने परिपाटीमा ऐतिहासिक क्रमभंग गरेको छ । तर, वडा दलित महिला सदस्यमा मात्र दलित समुदायलाई सीमित पारी ठूलो राजनीतिक चलखेल गरिएको अनुमान लगाउन भने गाह्रो छैन । संविधानको भावनाअनुसार समानुपातिक समावेशी सिद्धान्तअनुसार स्थानीय तहका हरेक तह र पदमा दलित सुमदायको अर्थपूर्ण प्रतिनिधित्व हुनुपर्छ ।

स्थानीय तहमा रहने २ सय ९३ महानगर, उपमहानगर र नगरपालिका प्रमुख तथा उपप्रमुख, ४ सय ६० गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष र ६ हजार ७ सय ४२ वडा अध्यक्षमध्ये दलित समुदायका तर्फबाट १३.८ प्रतिशतले सुनिश्चित हुनुपर्छ । हालको तथ्यांकअनुसार संवैधानिक प्रावधानमै खलल ल्याउने गरी स्थानीय तह निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीको व्यवस्था नराखी हचुवा तथा अवैज्ञानिक ढंगले खाली देखाउनका लागि गरिएको अनिवार्य वडा दलित महिला सदस्यको व्यवस्था असंवैधानिक तथा समानुपातिक समावेशी सिद्धान्तविरुद्ध छ ।

कालान्तरमा यस व्यवस्थाले दलित समुदायलाई गम्भीर असर पार्ने देखिन्छ । तसर्थ, समग्र दलित समुदायको प्रतिनिधित्व हुने गरी स्थानीय तहका सबै राजनीतिक पदहरूमा १३.८ प्रतिशत प्रतिनिधित्व सुनिश्चित हुनुपर्छ । वर्तमान निर्वाचित प्रणाली तथा सम्बन्धित ऐन, नियम संशोधन गरी राजनीतिक प्रतिनिधित्व कायम गरिनुपर्छ । स्थानीय तहमा बन्ने विभिन्न समितिमा दलित समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चितता गरिनुपर्छ ।

खस्यसका अलवा राज्यले गर्ने सबै प्रकारका राजनीतिकलगायत संवैधानिक निकायमा गरिने नियुक्तिसमेतमा दलित समुदायको प्रतिनिधित्व हुनुपर्छ । अन्त्यमा बहिष्करण, समावेशीकरण र संयुक्ततामा विषयहरूको आउँदा भाषाको ठूलो महत्व हुन्छ । हामी भाषाको माध्यमबाट संसारलाई बुझ्न सक्छौं भने आफ्नो स्थान पनि बुझ्छौं । हाम्रो भाषाको प्रयोगले शक्ति, अधिकार र वैधानिकता सिर्जना गर्छ । समावेशी अभ्यासको सर्तमा भाषा महत्वपूर्ण हुन्छ । त्यसैले यससँग जोडिएर पहिचानको दृष्टिकोण पनि आउँदछ जुन गएर जातजाति, धर्म, संस्कार, संस्कृति र राष्ट्रियतासँग टाँसिन पुग्छ ।

समावेशीकरण र संयुक्तता दरिलो पार्न आर्थिक र सामाजिक कार्यको नीति देखि अभ्यासमा सुधार गर्नु पर्ने, सेवा र सुविधाको समावेशीकरणको रचना गर्नु पर्ने, स्वास्थ्य प्रवर्द्धन, सार्वजनिक सामान्य नागरिकहरूको स्वास्थ्य, सार्वजनिक क्षेत्रका सेवाहरूमा सशक्तीकरण र शक्ति-आधारित दृष्टिकोणको वृद्धि गर्नुपर्ने आजको आवश्यकता देखिन्छ ।

लेखक बिश्वकर्मा (राष्ट्रिय दलित पत्रकार संघ नेपाल जिल्ला शाखा कालीकोटको सचिव एव् दलित मानअधिकार रक्षकको जिल्ला संयोजक हुन् । राजधानी दैनिक

# दाङका १० पालिकामा मनोनयन दर्ता

घोराही । स्थानीय तह निर्वाचनका लागि दाङका १० पालिकामा विभिन्न राजनीतिक दलका उम्मेद्वारले मनोनयन दर्ता गर्नुभएको छ । जिल्लामा सोमबार पाँच दलीय गठबन्धन, नेकपा (एमाले), राप्रपा, नेकपा माले, मङ्गोल नेशनल अर्गनाइजेशन, विवकेशील साझासहित स्वतन्त्र उम्मेदवारले मनोनयन दर्ता गराउनुभएको हो। जिल्लाका घोराही तुलसीपुर उपमहानगरपालिका, बंगलाचुली गाउँपालिकामा मात्रै गठबन्धनबाट उम्मेदारी दिइएको छ । अन्य पालिकामा भने गठबन्धनबीचका दलको उम्मेदवारी मनोनयन गरिएको छ । घोराही उपमहानगरपालिकामा गठबन्धनबाट प्रमुखमा हेमराज शर्मा र उपप्रमुखमा भुपबहादुर डाँगीले उम्मेदवारी दर्ता गराउनुभएको छ। नेकपा (एमाले)बाट प्रमुखमा नरुलाल चौधरी र उपप्रमुखमा हुमाकुमारी डिसीले मनोनयन दर्ता गराउनुभएको छ। राप्रपाबाट नगरप्रमुखमा सरिता देवकोटा, मालेबाट नेत्रप्रकाश पाण्डे, स्वतन्त्रबाट श्रीमणकुमार शर्मा न्यौपानेले मनोनयन दर्ता गराउनुभएको छ । गठबन्धनमा भएको सहमति अनुसार प्रमुखमा माओवादीबाट शर्मा र उपप्रमुखमा नेपाली कांग्रेसबाट डाँगीले उम्मेदवारी दर्ता गर्नुभएको हो। उम्मेदवारी दर्ताका लागि घोराहीस्थित नेपाली कांग्रेसको पार्टी कार्यालयबाट शर्मा र डाँगी बाजागाजासहितको र्यालीमा मुख्य निर्वाचन अधिकृतको कार्यालय पुग्नुभएको थियो ।

तुलसीपुरमा गठबन्धनबाट गिरी र एमालेबाट खड्काको उम्मेदवारी

त्यसैगरी तुलसीपुर उपमहानगर पालिकाको प्रमुखमा सत्ता गठबन्धनबाट गेहेन्द्र गिरी र उपप्रमुखमा जोगबहादुर रानाले उम्मेदवारी दर्ता गराउनुभएको छ। नेपाली काँग्रेसका केन्द्रीय सदस्य गिरीले गठबन्धनका तर्फबाट तुलसीपुरको प्रमुखमा उम्मेदवारी दर्ता गराउनुभएको हो । नेपाली काँग्रेसका केन्द्रीय सदस्य रहनुभएका गिरी २०७४ सालको स्थानीय तह निर्वाचनमा पराजित हुनुभएको थियो । त्यसैगरी उपप्रमुखमा एकीकृत समाजवादीका केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज रानाले उम्मेदवारी दर्ता गराउनुभएको छ ।

नेकपा एमालेका तर्फबाट तुलसीपुरको प्रमुखमा टीकाराम खड्का र उपप्रमुखमा स्यानी चौधरीले उम्मेदवारी दर्ता गराउनुभएको छ। बाजागाजा र र्यालीसहित मुख्य निर्वाचन अधिकृतको कार्यालय पुगेर खड्का र चौधरीले उम्मेदवारी दर्ता गराउनुभएको हो। खड्का बाँकी ६ पृष्ठमा

# कम्युनिस्ट आन्दोलनका ७३ वर्ष र वर्तमान अभिभारा

**प्रेमलकुमार खनाल**

नेपालमा कम्युनिस्ट आन्दोलनको संगठित रूपमा थालनी भएको ७३ वर्ष व्यतीत भएको छ। आजभन्दा ७२ वर्षअगाडि पुष्पलालको अगुवाइमा २००६ साल वैशाख ९ गते तदनुसार सन् १९९४ अप्रिल २२ मा लेनिनको जन्म दिनका अवसर पारेर भारतको कलकत्ता स्थित श्याम बजारमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भएको हो। नेपाल कम्युनिस्ट पार्टी स्थापना गर्दा महासचिवमा पुष्पलाल र सदस्यमा नरबहादुर कर्माचार्य, निरन्जन गोविन्द वैद्य, नारायणविलास जोशी र मोतीदेवी रहेका थिए।

पार्टी स्थापनाको ४ महिनापछि २००६ भाद्र ३० (१५ सेप्टेम्बर १९४९)मा पार्टीको केन्द्रीय सगंठन कमिटी गठन भएको थियो। जसमा महासचिवमा पुष्पलाल, र सदस्यमा मनमोहन अधिकारी, तुलसीलाल अमात्य, शैलेन्दकुमार उपाध्याय, डीपी अधिकारी र अयोध्याप्रसाद सिंह रहेका थिए। तर, केन्द्रीय संगठन कमिटीका अन्य ४ जना संस्थापक सदस्य किन समावेश हुन सकेनन् ? यो विषय अनुत्तरित नै रहेको छ। केन्द्रीय संगठन कमिटीको घोषणासँगै पार्टीको प्रथम घोषाणपत्र जारी भएको थियो। घोषणापत्रमा सामन्तवाद एवं साम्राज्यवाद विरोधी नयाँ जनवादी क्रान्ति गर्ने, किसान र मजुदरको नेतृत्वमा निर्वाचित सरकार स्थापना गर्ने, सभाबाट संविधान निर्माण गर्ने, क्रान्तिकारी भूमिसुधार लागू गर्ने, मजदुर एवं किसानको अधिकारको सुनिश्चितता गर्ने, स्वाधीन अर्थतन्त्रको निर्माण गर्ने र सर्वशुलभ शिक्षाजस्ता आधारभूत विषय उल्लेख गरिएको थियो।

पुष्पलालले पेस गरेको राजनीतिक प्रतिवेदनमा देशमा नयाँ जनवादी क्रान्ति गरेर अर्धसामन्ती र अर्धऔपनिवेशिक स्थितिको अन्त्य गर्ने उल्लेख थियो

पार्टी स्थापनाको दुई वर्षपछि २००८ साल असोजमा राष्ट्रिय प्रथम सम्मेलन भएको थियो। सम्मेलनमा महासचिव पुष्पलालले राजनीतिक प्रतिवेदन पेस गरेका थिए। पुष्पलालले पेस गरेको राजनीतिक प्रतिवेदनमा देशमा नयाँ जनवादी क्रान्ति गरेर अर्धसामन्ती र अर्धऔपनिवेशिक स्थितिको अन्त्य गर्ने उल्लेख थियो र यसलाई नै नेपाली क्रान्तिको कार्यदिशाका रूपमा उल्लेख गरिएको थियो। त्यसपछि २०१० साल असोज ११(१६ मा पार्टीको पहिलो महाधिवेशन



भएको थियो। तर, पुष्पलाललाई धनुषाको बटेस्वरमा भएको बैठकबाट महासचिवबाट हटाइएकाले महाधिवेशनमा संस्थापक महासचिव पुष्पलालको सट्टामा महासचिव मनमोहन अधिकारीले राजनीतिक प्रतिवेदन पेस गरेका थिए। पार्टीको पहिलो महाधिवेशनबाट पुष्पलालले अगाडि सारेको नयाँ जनवादी क्रान्ति गर्ने कार्यदिशाको सट्टामा मनमोहन अधिकारीले पेस गरेको 'नयाँ जनवादका निम्ति नेपाली जनताको बाटो' राजनीतिक दस्तावेज पारित भएको थियो। महासचिवमा मनमोहन अधिकारी निर्वाचित भएका थिए। पार्टी स्थापनाको कार्यदिशाअनुरूपको नीति कार्यक्रम पारित हुन नसकेपछि पहिलो महाधिवेशनदेखि नै कम्युनिस्ट पार्टीभित्र वैचारिक समस्या उत्पन्न भएको थियो।

पहिलो महाधिवेशनबाट महासचिवमा निर्वाचित मनमोहन अधिकारी बिरामी परेर उपचारका लागि चीन जानेक्रममा पार्टीको कार्यवाहक महासचिवमा डा. केशरजंग रायमाझी भए। पार्टीको २०१२ साल कात्तिकमा भएको दोस्रो सम्मेलनमा रायमाझीले पार्टी कार्यक्रममा परिवर्तन किन ? भन्ने संवैधानिक राजतन्त्र परस्त राजनीतिक प्रतिवेदन पेस गरेका थिए। त्यसपछि २०१४ सालमा भएको दोस्रो महाधिवेशनमा भने पुष्पलालले पेस गरेको गणतन्त्रको लाइनलाई पारित गरेको थियो। तर, महासचिवमा भने केशरजंग रायमाझी भए। खासगरी यही महाधिवेशनदेखि नै कम्युनिस्ट पार्टीमा दक्षिणपन्थी अवसरवादले नेतृत्व कब्जा गर्न सफलता प्राप्त गरेको थियो।

यसैगरी २०१९ साल वैशाखमा तेस्रो महाधिवेशन भएको थियो। महाधिवेशनले तुलसीलाल अमात्यले पेस गरेको 'राष्ट्रिय प्रजातन्त्र'को कार्यक्रमलाई पारित गरेर महासचिवमा निर्वाचित गरेको थियो।

यहीं महाधिवेशनले केशरजंग रायमाझीले राजापरस्त लाइन लिएर २०१७ सालमा राजा महेन्द्रको 'कु'को कदमलाई समर्थन गरेकाले पार्टीबाट निष्कासन गरेको थियो। यो महाधिवेशनले तुलसीलालले अगाडि सारेको कार्यक्रमले पुष्पलालले पेस गरेको नयाँ जनवादी कार्यक्रमको कार्यदिशालाई विस्थापित गरेको थियो। एकातिर रायमाझीले दरवारपरस्त लाइन लिएको र अर्कोतिर तुलसीलालले राष्ट्रिय प्रजातन्त्रको संशोधनवादी कार्यक्रम अगाडि सारेकाले पार्टीभित्र वैचारिक विवाद बढ्न थालेपछि पार्टीभित्र विद्रोह गरेर २०२५ सालमा पुष्पलालको अगुवाइमा तेस्रो सम्मेलन भयो र जनवादी गणतन्त्र स्थापना गर्ने नयाँ जनवादी क्रान्ति पार्टीको कार्यदिशालाई अगाडि सा-यो। यसपछि फेरि कम्युनिस्ट पार्टीभित्र थप विवाद र पुनर्गठनको प्रक्रिया अगाडि बढ्यो। २०२८ सालमा मोहनबिक्रम सिंहको नेतृत्वमा केन्द्रीय न्युक्लियस गठन गरेर चौथो महाधिवेशन भयो।

उता पुष्पलाल र मोहनविक्रम सिंहसँग असन्तुष्ट हुँदै भारतमा सञ्चालन भएको नक्सालवादी आन्दोलनबाट प्रभावित भएर झापामा सशस्त्र संघर्षको सुरुवात भयो। २०३५ पौषमा नेकपा (माले) गठन भयो। २०४६ साल भदौमा चौथो महाधिवेशन भयो। २०४६ मा भएको मालेको चौथो महाधिवेशनले निरंकुश पञ्चायती व्यवस्थाविरुद्ध शान्तिपूर्ण ढंगबाट संयुक्त आन्दोलन गर्ने कार्यनीति कार्य दिशा अगाडि सा-यो। यहीं कार्यदिशाअनुसार नेपाली कांग्रेस र वामपन्थीको संयुक्त आह्वानमा भएको जनआन्दोलनबाट निरंकुश पञ्चायती व्यवस्थाको अन्त्य भएर बहुदलीय व्यवस्थाको पुनर्स्थापना भयो। २०४७ मा माले र माक्सवादीबीच एकता एकीकरण भएर मनमोहन अधिकारी अध्यक्ष र मदन भण्डारी महासचिव रहने गरी नेकपा एमाले गठन भयो।

उता चौथो महाधिवेशनबाट गठन भएको नेकपाभित्र मसाल, एकताकेन्द्र हुँदै २०५१ नेकपा माओवादी केन्द्र स्थापना भएर सशस्त्र संघर्षको सुरुवात ग(यो। झन्डै एक दशकसम्म भएको सशस्त्र संघर्षबीचमा राजा ज्ञानेन्द्रले बहुदलीय व्यवस्थामा 'कु' गरेर सत्ता हातमा लिने काम गरे। राजाको प्रतिगामी कदमविरुद्ध गणतन्त्रको कार्यदिशाका साथ अगाडि बढ्ने तत्कालीन एमालेले अगाडि सारेको प्रस्तावअनुरूप माओवादीले पनि हतियार बिसाएर शान्तिपूर्ण आन्दोलनमा आउन सहमत भयो र संवैधानिक राजतन्त्रको पक्षमा उभिँदै आएको नेपाली कांग्रेस पनि गणतन्त्रको नारामा आउन सहमत भएपछि वामपन्थी र लोकतान्त्रिक शक्तिका संयुक्त रूपमा सामन्ती राजतन्त्रविरुद्धको आन्दोलन सञ्चालन भयो। राजतन्त्रविरोधी आन्दोलनको आधीबेहरी र विद्रोहले गर्दा ११ वैशाख, २०६३ मा आइपुग्दा निर्णायक बनेको सामन्तवाद विरोधी आन्दोलनले राजतन्त्रलाई घुँडा टेकाई गणतन्त्र स्थापना गर्न सफलता प्राप्त भयो।

राजतन्त्रको अन्त्यसँगै मुलुकमा गणतन्त्रको घोषणा भयो। संविधानसभाबाट गणतन्त्रलाई संस्थागत गर्ने संविधान निर्माण गर्ने आन्दोलनकारी दलबीचमा सहमति भयो। कम्युनिस्ट पार्टी स्थापनाका बेला पुष्पलालले अगाडि सार्नु भएको संविधानसभाको एजेन्डा २०६५ सालमा आइपुग्दा पूरा भयो। झन्डै ७ वर्ष लगाएर दोस्रो संविधान सभाबाट संविधान घोषणा भयो। नेकपा एमाले, नेकपा माओवादी केन्द्रलगायतका बामपन्थी दलको सहकार्यबाट जनता सार्वभौमसत्ता सम्पन्न रहने र समाजवादको आधार निर्माण गर्ने संविधान निर्माण गर्न सफलता प्राप्त भएको छ। संविधानअनुसार निर्वाचनबाट संघ र प्रदेशको संसद् तथा स्थानीय तहमा झन्डै दुईतिहाइको हाराहारीमा बामपन्थीले विजयी हासिल गरेका छन् र बामगठबन्धनको नेतृत्वमा केन्द्र तथा प्रदेशमा सरकार गठन भएको छ। यसरी २०६२/६३ सालमा भएको युगान्तकारी परिवर्तनबाट राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना र यसको संवैधानिक सुनिश्चितताले, मुलुकमा शान्तिपूर्ण तवरले नै राजनीतिक क्रान्ति सम्पन्न भएको छ। यसबाट पुष्पलालले अगाडि सारेका जनवादी राजनीतिक क्रान्तिको लक्ष्य पूरा भएको छ। अब समाजवादी क्रान्ति गरेर नेपाली बाँकी ६ पृष्ठमा

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी
एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ। त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पु-याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।
दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :
१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्टाएर प्रयोग नगरौं।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ। साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ।
ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :
१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ। विद्युतजन्य उपकरणको प्रयोग नगरौ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ।
"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।"
उपभोक्ता जनहितका लागि जारी
नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

# रामेछाप डायरी

## यी हुन् दोरम्बा शैलुङ गाउँपालिकाको उम्मेदवार

रामेछाप। वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनको लागि दोरम्बा गाउँपालिकामा अध्यक्ष/उपाध्यक्ष, वडाध्यक्ष र वडा सदस्यहित ३७ पदको लागि १२९ जनाको उम्मेदवारी दर्ता भएको छ। गाउँपालिकाको अध्यक्षको लागि कांग्रेस, एमाले, माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी), राप्रपालगायतका उम्मेदवारहरुले मनोनय दर्ता गराएका छन्। विभिन्न राजनीतिक दल तथा स्वतन्त्रबाट पालिका अध्यक्षको एक पदका लागि ८ जना, उपध्यक्ष १ पदका लागि ५ जनाको उम्मेदवारी परेको छ। ७ जना वडाध्यक्ष पदका लागि २४ जनाले उम्मेदवारी दर्ता गरएका छन्।

अध्यक्ष पदका लागि मैन कुमार मोक्तान (नेकपा(माओवादी केन्द्र), टंक प्रसाद चौलागाई(नेकपा(एमाले), मान बहादुर लामा(नेपाली कांग्रेस, ओमविक्रम लामा(नेकपा(एकीकृत समाजवादी), कने मगर(राष्ट्रिय प्रजातन्त्र पार्टी, गोपी कुमार योन्जन(जनसमाजवादी पार्टी नेपाल, सागर गौतम(लोकतान्त्रिक समाजवादी पाटीर जित बहादुर मगर(स्वतन्त्र) रहेका छन्। त्यस्तै उपाध्यक्षमा देउकुमारी थापा मगर(नेकपा(माओवादी केन्द्र), मुना कँडेल(थापा)(नेकपा( एमाले),खमला थापा मगर(नेपाली कांग्रेस, दिप बहादुर योन्जन(जनता समाजवादी पार्टी, निर बहादुर श्रेष्ठ(स्वतन्त्र) रहेका छन्।

## मन्थली नगरपालिकाको मेयरमा स्वतन्त्र उम्मेदवारी दर्ता

रामेछाप। रामेछापको मन्थली नगरपालिका को प्रमुखमा यमबहादुर थापाले स्वतन्त्र उम्मेदवारी दिएका छन्। जिल्लामा भ्रष्टाचार विरुद्धको अभियान्ताका रुपमा परिचय बनाएका यमबहादुर थापाले मुख्य निर्वाचन अधिकृतको कार्यालय पुगेर मन्थली नगरपालिकाको प्रमुख पदका लागि आज आइतबार मनोनयन दर्ता गराएका हुन्। मनोनयन दर्तापछि स्वतन्त्र उम्मेदवार थापाले मन्थली नगरपालिकाको प्रमुख पदमा आफुले स्वतन्त्रबाट पहिलो नाम निर्वाचन कार्यालयमा दर्ता गराएको बताए।

## उमाकुण्ड गाउँपालिकामा ६९ जनाको उम्मेदवारी दर्ता

रामेछाप। उमाकुण्ड गाउँपालिकामा यही वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि ६९ जनाले उम्मेदवारी दिएका छन्। अध्यक्ष उपाध्यक्ष र ६ वटा वडाबाट गरी ३२ पदको लागि ६९ जनाको उम्मेदवारी परेको हो। निर्वाचन अधिकृतको कार्यालय उमाकुण्डले उम्मदवारी दिएका व्यक्तिहरुको नामावली सार्वजनिक गरेको छ। नेकपा एमालेबाट शेरबहादुर सुनुवारले पुनः अध्यक्षको लागि उम्मेदवारी दिएका छन्। एमालेबाट गंगा कार्कीले उपाध्यक्षमा उम्मेदवारी दिएकी छिन्। कांग्रेसबाट अध्यक्षमा जितबहादुर कटुवाल र उपाध्यक्षमा सावित्री सुनुवार, माओवादी केन्द्रबाट अध्यक्षमा लक्ष्मी वस्नेत र उपाध्यक्षमा अनन्त खड्काले उम्मेदवारी दिएका छन्।

## गोकुलगंगा गाउँपालिकामा अध्यक्ष/उपाध्यक्षमा क-कसले गराए उम्मेदवारी दर्ता

रामेछाप। वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनको लागि गोकुलगंगा गाउँपालिकामा अध्यक्ष/उपाध्यक्ष, वडा अध्यक्ष र वडा सदस्यहित ३२ पदको लागि एक सय भन्दा बढीको उम्मेदवारी दर्ता भएको छ। गाउँपालिकाको अध्यक्षको लागि कांग्रेस, एमाले, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र राप्रपाका उम्मेदवारहरुले मनोनय दर्ता गराएका छन्।

गोकुलगंगा गाउँपालिकाकाको अध्यक्षको एमालेबाट अध्यक्षमा पुनः खड्गबहादुर सुनुवार र उपाध्यक्षमा राधिका श्रेष्ठले उम्मेदवारी दर्ता गराएका छन्। गत निर्वाचनमा एमालेबाट सुनुवार र श्रेष्ठ निर्वाचित भएका थिए। पाँच बर्षे कामको मुल्याकंन गर्दै एमालेले पुनः दुवै जनालाई उम्मेदवार बनाएको छ। यसैगरी नेपाली कांग्रेसबाट गाउँपालिकाको अध्यक्षको उम्मेदवार बनेका काजी बहादुर खड्का, उपाध्यक्षको उम्मेदवार उषा वस्नेत कार्कीले उम्मेदवारी दर्ता गराएका छन्। त्यसैगरी नेकपा एकीकृत समाजवादीबाट रुद्र प्रसाद फ्याल, नेकपा माओवादी केन्द्रबाट विष्णु बहादुर कार्की, र राप्रपाबाट तुलसीलाल नेवारले अध्यक्षमा उम्मेदवारी दर्ता गराएका छन भने राप्रपाबाट उर्मिला श्रेष्ठले पनि उम्मेदवारी दर्ता गराएकी छिन्।

## रामेछाप नगरपालिकाको उपमेयरमा काँग्रेसको बागी उम्मेदवार

रामेछाप नगरपालिकाको उपमेयरमा नेपाली काँग्रेसबाट बागी उम्मेद्वारी परेको छ। नपाली काँग्रेस रामेछापले आईतबार मेयरमा लवश्री न्यौपाने र उपमेयरमा सुशिला लामालाई उम्मेद्वार बनाउने निर्णय गरेको थियो। सोहि निर्णय अनुसार सुशिला लामालाई सोमबार उम्मेद्वारी दर्ता गर्न रामेछाप नगरपालिकाको निर्वाचन अधिकृतको कार्यालयमा बोलाइएको थियो।

सोमबार उम्मेद्वारी दर्ता गर्न निर्वाचन अधिकृतको कार्यालयमा आउनुभएका लामाले आफ्नो नाम उपमेयरबाट रातारात हटाइएको बताउनुभयो। रातारात आफ्नो नाम काटेर उपमेयरमा अर्कैलाई टिकट दिएको भन्दै उहाँले आपत्ति जनाउनुभयो। नेपाली काँग्रेस रामेछापले सोमबार बिहान नगरपालिकाको मेयरमा लवश्री न्यौपाने र उपमेयरमा बालाकुमारी कार्की थापालाई टिकट दिएको हो। सुशिला लामाले पनि उपमेयरमा उम्मेद्वारी दर्ता गराउनुभएको छ भने बालाकुमारी कार्की थापाले पनि उपमेयरमा उम्मेद्वारी दर्ता गराउनुभएको छ।

## सत्ता गठबन्धन नहुँदा रामेछापमा एमाले उत्साहित

रामेछाप। रामेछापको आठ स्थानीय तह र ६४ वटा वडाबाट आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा ३३६ जना जनप्रतिनिधि निर्वाचित हुने छन्। केन्द्रले गठबन्धन गर्न निर्देशन दिएपनि रामेछापमा सत्ता गठबन्धनबीच चुनावी तालमेल हुन सकेन। माओवादी र एकीकृत समाजवादीबीच चुनावी तालमेल हुँदा कांग्रेस एक्लै चुनावी मैदानमा उत्रिएको छ। सत्ता गठबन्धनमा आबद्ध तीन दलबीच चुनावी तालमेल हुन नसक्दा नेकपा एमाले भने उत्साहित बन्न पुगेको छ। गठबन्धन हुँदा विगतको विरासत धान्न चुनौती ठानिरहेको एमाले सत्ता गठबन्धन नभएपछि विगतको विरासत धान्नेमा ढुक्कजस्तै देखिएको छ।

# गरिमा क्यापिटलको छैटौं वार्षिक साधारणसभाः १५.६५ प्रतिशत लाभांश पारित

गरिमा क्यापिटल लिमिटेडको वार्षिक साधारण सभा मिति पार्क भिलेज रिसोर्ट, बूढानीलकण्ठ काठमाडौंमा सम्पन्न भएको छ । उक्त कार्यक्रममा विभिन्न महत्वपूर्ण विषयहरुमा छलफल गरिएको थियो ।

उक्त सभाले आ.व २०७७/७८ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्नुका साथ लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ असार मसान्तको




वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७७/७८ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण स्वीकृत समेत गरेको छ । साथै कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७८/७९ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव समेत पारित गरेको हो । त्यस्तै, संस्थापक शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ५ जना सञ्चालक दिपक पाण्डेय, रमा कान्त बराल, यादव कुमार श्रेष्ठ, माधव प्रसाद उपाध्याय र अनिल श्रेष्ठको निर्वाचन गरेको छ । साथै, साधारण सभा लगत्तै बसेको सञ्चालक समितिको बैठकबाट दिपक पाण्डेय अध्यक्ष पदमा मनोनयन गरेको छ । सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७८ आषाढ मसान्तमा कायम चुक्ता पूँजी ११ करोड ८१ लाखको १५.६५ प्रतिशतले हुन आउने रकम १ करोड ८४ लाख ८३ हजार ८९५ रुपैयाँ नगद लाभांश ( नगद लाभांशमा लाग्ने कर समेत) वितरण गर्न प्रस्ताव समेत पारित गरेको हो । यस कम्पनीले आफ्नो कार्यक्षेत्र विस्तार गरी धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक शेयर रजिष्ट्रार एवं सामूहिक लगानी कोषको डिपोजिटरीको रुपमा समेत कार्य गर्नको निमित्त कम्पनीको प्रबन्धपत्रमा उल्लेखित उद्देश्यहरु थप-संशोधन गर्ने र सो बमोजिम आवश्यक व्यवस्था गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने, गरिमा क्यापिटल लिमिटेड वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा वैदेशिक साझेदारीमा जाने सम्बन्धी निर्णय गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव समेत पारित गरेको हो । सञ्चालकहरुलाई प्रदान गरिने बैठक भत्ता रकम बृद्धि गर्ने तथा प्रबन्धपत्र संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सभाको कार्य सूचि समेत पारित गरेको हो ।

# सिभिल क्यापिटलको धमाका अफर

सिभिल क्यापिटल मार्केट लिमिटेडले ग्राहकको सेवासुविधा र आवश्यकतालाई विशेष प्राथमिकतामा राखी अर्को सूचना नगरेसम्मका लागि २०७९ आसाढ मसान्तसम्म नयाँ डिम्याट खाता रजिस्ट्रेसन, पहिलो वर्षको नवीकरण शुल्कमा लाग्ने रु. १५० निःशुल्क गरेको छ। मेरो सेयर खाता खोल्दा लाग्ने शुल्क रु. ५०




भने कम्पनीले लिने डीपी विभाग प्रमुख मणिराज काफ्लेले बताउनुभयो । त्यसैगरी पीएमएस/कर्पोरेट एड्भाइजर सेवामा समेत भारी छुट गरिएको प्रमुख कार्यकारी अधिकृत झनकराज ढुंगेलेले बताए। पीएमएस/कर्पोरेट एड्भाइजर सेवामा मिति २०७९ असार मसान्तसम्म नयाँ कारोवार गर्दा हाल तोकिएको दरमा ५० प्रतिशतले छुट हुनेछ । विगत १३ वर्षदेखि सेवारत संस्थाले प्राथमिक सेयर निष्कासन (आईपीओ), निक्षेप सदस्य (डीपी), लगानी व्यवस्थापको कार्य ( पीएमएस), सेयर प्रत्याभूति (अन्डराइटिङ) र संस्थागत परामर्श सेवालगायत पुँजीबजारसम्बन्धी सेवाहरु प्रदान गर्दै आइरहेको छ। हालसम्म ३० वटा आईपीओ, ३५ वटा आरटीएस, ३२ वटा हकप्रद र २० वटा सेयर लिलामीका लागि विभिन्न कम्पनीहरुसँग सहकार्य गरिसकेको कम्पनीले जनाएको छ । निकट भविष्यमा नै सामूहिक लागानी कोष सुरुआत हुनेसमेत प्रमुख कार्यकारी अधिकृत ढुंगलेले बताउनुभयो ।

# प्रभु बैंकको नाफा १ अर्ब ७५ करोड

प्रभु बैंकले चालु आर्थिक वर्षको तेस्रो त्रैमास वित्तीय अवस्था सार्वजनिक गरेको छ । यस अवधिमा बैंकले १ अर्ब ७५ करोड २९ लाख २३ हजार रुपैयाँ नाफा आर्जन गरेको छ । बैंकको नाफा गत आवको सोही अवधिमा २ अर्ब १० करोड ९६ लाख ७ हजार रुपैयाँ रहेको थियो । चालु आर्थिक वर्षको तेस्रो त्रैमाससम्म बैंकको खुद ब्याज आम्दानी १२.७२ प्रतिशत बढेर ४ अर्ब ३२ करोड ३१ लाख २३ हजार रुपैयाँ आर्जन गरेको छ । गत आर्थिक बर्षको सोही अवधिमा बैंकले ३ अर्ब ८३ करोड ५३ लाख ६६ हजार रुपैयाँ खुद ब्याज आम्दानी गरेको थियो । यस अवधिमा बैंकको सञ्चालन मुनाफा १६.२२ प्रतिशत घटेर २ अर्ब ५६ करोड ६ लाख ३५ हजार रुपैयाँ र वितरणयोग्य नाफा ७८ करोड ३ हजार रुपैयाँ रहेको छ । यो अवधिमा बैंकको चुक्ता पूँजी १२ प्रतिशत बढेर १२ अर्ब ७० करोड ८७ लाख ४ हजार रुपैयाँ पुगेको छ जगेडा कोष ६ अर्ब २७ करोड ९२ लाख ८१ हजार रुपैयाँ रहेको छ ।

# एन.आई.सी एशियाको अनलाईन खाता खोल्दा छुट योजना

गतिशील बैंकिङ्गको अभ्यास गर्दै समयअनुरुप ग्राहकमैत्री आकर्षक योजनाहरू ल्याइरहेको एन.आई.सी एशिया बैंकले अनलाईनमार्फत बचत खाता खोल्ने ग्राहक महानुभावहरूलाई विभिन्न ई-कमर्शहरूबाट वस्तु तथा सेवाको खरिद गर्दा रू. ५,००० सम्म छुट उपलब्ध हुने योजना ल्याएको छ । जसअनुसार Daraz, Gyapu, Sastodeal, Bhojmandu, Food bite (Quikr), ग्न द्यबशबच, प्जबबलउष्ल जस्ता ई-कमर्शहरूबाट विभिन्न सामग्रीहरू खरिद गर्दा एवं Taximandu, Yeti airlines, Sony LIV र Alt Balaji का अनलाईन प्लेटफर्ममार्फत विभिन्न सेवाहरू लिई डेबिट कार्ड, क्रेडिट कार्ड तथा NIC ASIA MoBank मार्फत अनलाईन भुक्तानी गर्दा अधिकतम २० प्रतिशतसम्म छुट प्राप्त गर्नुहुनेछ । यसका लागि ग्राहकहरुले यस बैंकको वेबसाइटबाट अनलाईन खाता खोलि उक्त खाता पूर्ण रुपमा सुचारु भएपश्चात् बैंकले निज ग्राहकलाई एसएमएस वा इमेलमार्फत मर्चेन्टहरुद्वारा प्रदान गरिएको Promo code वा Discount link पठाउने व्यवस्था गरेको छ । बैंकले पठाएको Promo code वा Discount link प्रयोग गरी आकर्षक छुट प्राप्त गर्न सक्नुहुनेछ । यो योजना २०७९ आषाढ मसान्तसम्म लागू हुनेछ । अनलाईन किनमेल बढिरहेको वर्तमान अवस्थाबीच बैंकले डिजिटल कारोबारलाई प्रबर्द्धन




गर्नका निमित्त आकर्षक छुट व्यवस्था गरेको हो । यो योजनाबाट लाभ लिनका लागि ग्राहकहरुले यस बैंकको वेबसाइट www.nicasiabank.com मार्फत जुनसुकै स्थानबाट र जुनसुकै समयमा आफ्नो मोबाइल, ल्यापटप वा कम्प्युटर प्रयोग गरी सहज रुपमा अनलाईन खाता खोल्ने व्यवस्था गरेको छ । यसरी अनलाईन खाता खोलेपश्चात् ग्राहक महानुभावले आफुलाई पायक पर्ने यस बैंकको शाखा कार्यालयमा गई प्थ्क्ष्ृ ायच्क भरी आफ्नो अनलाईन खाता पूर्ण रुपमा सुचारु गर्नुपर्नेछ । हाल अनलाईन खाता खोल्ने प्रक्रिया चुनौतिपूर्ण रहेको अवस्थामा बैंकले अनलाईन खाता खोल्न थप सहज होस् भन्ने उद्देश्यले ग्राहक महानुभावहरुलाई Missed call बाट नै सहज रुपमा खाता खोल्ने योजना ल्याएको छ । जसअनुरुप ग्राहकहरुले ९८०१२२७७५५ मा Missed call दिएपश्चात् निजले बैंकबाट अनलाईन खाता खोल्ने लिंकसहितको एसएमएस प्राप्त गर्नुहुनेछ र बैंक प्रतिनिधिले समेत निजलाई सम्पर्क गरी अनलाईन खाता खोल्ने प्रक्रिया बारे विस्तृत रुपमा सहयोग प्रदान गर्ने व्यवस्था रहेको छ । बैंकलाई आम जनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंकप्रतिको भरोसाले गर्दा यो बैंक मुलुकभर रहेका ३५८ शाखा कार्यालयहरू, ४७३ एटिएम, १०२ वटा विस्तारित काउन्टर एवं ८१ वटा शाखारहित बैंकिङ्गमार्फत् बैंकिङ्ग सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हुन पुगेको छ । देशको कुल जनसंख्या मध्ये २० वर्ष देखि ५० वर्ष उमेर समूहसम्मको आर्थिक रूपमा सक्रिय जनसंख्याको करिब २५% जनतालाई यस बैंकमार्फत सेवा दिन बैंक सफल भएको छ । उत्तरदायी बैंकिङ्गको अभ्यास गर्दै आएको यस बैंकले प्रत्यक्ष र अप्रत्यक्ष गरी गत आर्थिक वर्षमा करिब रू.३ अर्ब १६ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरिसकेको छ । जुन मुलुकको वाणिज्य बैंकहरूमध्ये दोस्रो धेरै एवं समग्र देशको अन्य कम्पनीहरूको तुलनामा छैठौं ठूलो योगदान रहेको छ ।

# लक्ष्मी बैंकको २ एक्स्टेन्सन काउण्टर मधेश प्रदेशमा विस्तार

लक्ष्मी बैंकले आफ्नो संजाल विस्तार गर्ने क्रममा आफ्ना २ एक्स्टेन्सन काउन्टर संचालनमा ल्याएको छ । बैंकले महोत्तरी जिल्ला अदालत र सिराहा जिल्ला अदालतमा नयाँ शाखा स्थापना गरेको हो । यी एक्स्टेन्सन काउन्टरहरुको शुरुवात सँगै लक्ष्मी बैंकको शाखा संजाल ५० जिल्लामा १४२ शाखा, १३ एक्सटेन्सन काउन्टर र ५ हस्पिटल सेवा काउन्टर, १७६ एटिएम, २५०० भन्दा बढि रेमिटेन्स् एजेन्ट तथा ६३ शाखा रहित बैंकिङ्ग एजेन्टहरु पुगेको छ । यसको साथ लक्ष्मी बैंकले आफ्नो सेवा अझ सुदृढ अनि व्यापक बनाउने विश्वास राखेको छ । सुविधाजनक बचत खाता योजना, मुद्दती निक्षेप योजना, घर तथा सवारी कर्जा, सानाव्यवसायी कर्जा, लघुवित्त, लगायतका वित्तीय सेवाहरुको बढ्दो

Laxmi Bank
लक्ष्य छ, लक्ष्मी बैंक छ ।

मागलाई पूरा गर्न बैंकले नयाँ तथा वित्तीय पहुँच नपुगेका क्षेत्रहरुमा सक्रिय रुपमा सेवा विस्तार गर्दै आएको छ। साथै बैंकले ग्राहकहरुलाई उनीहरुकै रोजाईको माध्यम अर्थात शाखा कार्यालय, ए.टि.एम, इन्टरनेट बैंकिङ्ग वा मोवाईल बैंकिङ्ग सेवा प्रदान गरी शहरी तथा अर्ध शहरी क्षेत्रमा आफ्नो ब्राण्ड तथा ग्राहक महानुभावलाई अझ सशक्त पार्ने नीति अनुरुप महत्वपूर्ण फड्को मार्ने विश्वास लिएको छ ।

## अर्थ संसार

# एससीटीको नयाँ लागो सार्वजनिक

नेपालमा कार्ड र भुक्तानी प्लेटफर्म प्रदायक कम्पनीका रुपमा अग्रणी भूमिका निर्वाह गरिरहेको स्मार्ट च्वाइस टेक्नोलोजिज (एससीटी) ले आफ्ना सेवाहरुमा सुधारको घोषणा गर्नुका साथै आफ्नो नयाँ लोगो सार्वजनिक गरेको छ। नेपालबाट सञ्चालित एससीटीले 'क' वर्गका वाणिज्य बैंक, विकास बैंक तथा वित्तीय संस्थालाई विभिन्न प्रकारका कार्ड र भुक्तानी प्लेटफर्म उपलब्ध गराउँदै आएको छ । एससीटी नेपाललाई पहिलोपटक विल्कुलै नयाँ इन्टग्रेटेड सेयर्ड स्विचिङ पेमेन्ट नेटवर्क र डोमेस्टिक प्रोपाइटरी कार्ड योजनासँग परिचित गराउने पथप्रदर्शक रहेको छ। एससीटीले आफ्ना आयामहरुलाई अझ विस्तृत गर्दै विविध किसिमका सेवालाई एउटै छातामुनि एकीकृत

sct
ready for tomorrow

गरेको छ । यसले दोहोरो इन्टरफेस (सम्पर्कसहित र सम्पर्कविहीन) देखि लिएर डेबिट र प्रिपेड कार्ड (घरेलु र अन्तर्रास्ट्रिय), एटीएम र पीओएसको परस्पर सम्बन्ध, बीएफआईहरुबीचको अन्तरसञ्चालन, अन्तर्राष्ट्रिय योजनाहरुको गेटवे, क्यूआरसी प्लेटफर्म र यसमार्फत वित्तीय प्रविधिको पूर्ण समाधानसम्मका विविधतापूर्ण भुक्तानी सेवाहरू प्रवाह गर्दै नेपालमा डिजिटल भुक्तानीको पूर्वाधार र विकासमा सघाउ पुर्याएको छ । 'हामीले हाम्रो पोर्टफोलियोमा थपेका हाम्रो नयाँ सेवाहरु अगाडि ल्याउन पाउँदा हामी उत्साहित छौं। नेपाललाई डिजिटल भुक्तानीमा विश्वभर उत्कृष्ट प्रविधिमा आधारित बन्न मद्दत पुर्याउने कम्पनीको भिजनलाई नयाँ लोगोले संकेत गर्छ। क्यान इन्फोटेक प्रविधिको क्षेत्रमा एक दशकभन्दा बढी समयदेखि आयोजना गरिँदै आइरहेको 'इभेन्टमा' हाम्रो लोगो र सेवाहरु सार्वजनिक गर्नु यस इभेन्टभन्दा उचीत अवसर अरु कुनै हुन सक्दैन', सीईओ नारायणप्रकाश भुजु बताउनुहुन्छ । सन् २००१ मा स्थापित एससीटी र एसीटी-नेटवर्कका रुपमा चिनिन्ने स्मार्ट च्वाइस टोक्नोलोजी लिमिटेड, नेपाल राष्ट्रिय बैंकअन्तर्गत लाइसेन्स प्राप्त भुक्तानी सेवा अपरेटर (पीएसओ) हो । एससीटीले नेपालका अधिकांश वाणिज्य बैंक, विकास बैंक, पीएसपी (पेमेन्ट सर्भिस प्रोभाइडर) र अन्य वित्तीय संस्थाहरुलाई विभिन्न कार्ड र भुक्तानी प्लेटफर्म उपलब्ध गराउँछ । एससीटीले आफ्ना सेवा र पहुँच विस्तार गर्न अन्तर्राष्ट्रिय भुक्तानी प्रोसेसर र योजना (युनियन पे इन्टरनेस्नल, पल्स नेटवर्क र एफएसएस आदि) सँग रणनीतिक गठबन्धनमा पनि प्रवेश गरेको छ ।

# एकै दिन सेञ्चुरी बैंकका नयाँ ३ शाखाबाट सेवा प्रारम्भ

सेञ्चुरी कमर्सियल बैंक लिमिटेडले आफ्नो सेवा विस्तार गर्ने क्रममा थप ३ नयाँ शाखा सञ्चालनमा ल्याएको छ । बैंकका अध्यक्ष राजेशकुमार श्रेष्ठले छुट्टाछुटै कार्यक्रमहरूकाबीच उक्त शाखाहरूको समुद्धाटन गरी सेवा शुभारम्भ गर्नुभएको हो । बैंकले एकै दिन कञ्चनपुर जिल्लाको भीमदत्त नगरपालिकाको वडा नं. ४ को महेन्द्रनगर बजारमा महेन्द्रनगर शाखा, कैलाली जिल्लाको लम्की नगरपालिका वडा नं. १ लम्की बजारमा लम्की शाखा र बर्दिया जिल्लाको गुलरिया नगरपालिका वडा नं. ७ को गुलरिया बजारमा गुलरिया शाखाबाट सेवा प्रारम्भ गरेको हो । बैंकको शाखा उद्घाटन कार्यक्रमहरुमा विभिन्न संघसंस्था एवं निकायका विशिष्ट व्यक्तिहरु, उद्यमी व्यवसायीहरु, बैंकका प्रमुख कार्यकारी अधिकृत मनोज न्यौपाने, प्रमुख सञ्चालन अधिकृत अनिल रेग्मीलगायत स्थानीयवासीहरुको उपस्थिति रहेको थियो ।

२०७८ चैत्रमसान्तसम्ममा बैंकले ९२ अर्ब ९६ करोड निक्षेप संकलन र कर्जा ८९ अर्ब ६५ करोड कर्जा प्रदान गरी १ अर्ब १ करोड ५६ लाख खुद मुनाफा आर्जन गर्न सफल भएको छ । उक्त मुनाफा गत वर्षको सोही अवधिको तुलनामा १८३.५९ प्रतिशतले बढी हो । बैंक पहिलो पटक खुद मुनाफा १ अर्ब कटाउन सफल भएको छ । देशका सुगम तथा दुर्गम क्षेत्रसम्म सेवा विस्तार गर्ने उद्देश्यकासाथ बैंकले देशका विभिन्न स्थानहरुमा शाखा, शाखा रहित बैंकिङ्ग तथा एक्सटेन्सन काउण्टरहरु संचालनमा ल्याई बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ । थप तीन शाखा संचालनमा आएपछि बैंकको कुल शाखा संख्या १३३ पुगेको छ भने बैंकले १० एक्सटेन्सन काउण्टर २४ शाखा रहित बैंकिङ्ग र ११३ वटा एटिएम मार्फत वित्तीय सेवा प्रदान गर्दै आएको छ ।

# काठमाडौंको जोरपाटी माकलवारीमा सेञ्चुरी बैंकको नयाँ शाखा

सेञ्चुरी कमर्सियल बैंक लिमिटेडले ग्राहकवर्गहरुलाई आफ्नो सेवाविस्तार गर्ने क्रममा गोकर्णेश्वर नगरपालिका वडा नं. ८ जोरपाटी माकलवारीमा नयाँ शाखा सञ्चालनमा ल्याएको छ । बैंकका संचालक समिति सदस्य मनबहादुर राईले माकलवारी शाखाको समुद्घाटन गरी सेवा शुभारम्भ गर्नु भएको थियो । उक्त कार्यक्रममा बैंकका अध्यक्ष राजेशकुमार श्रेष्ठ, सञ्चालकप्रा.डा. गीताप्रधान, बैंकका प्रमुख कार्यकारी अधिकृत मनोज न्यौपाने लगायत बैंक उच्चव्यवस्थापन समूह, स्थानीयबासीहरुको उपस्थिति रहेको थियो । माकलवारी शाखा संचालनमा आएपछि उपत्यकाभित्र बैंकको शाखा संख्या २७ पुगेको छ । २०७८ चैत्र मसान्तसम्ममा बैंकले रु. ९२ अर्ब ९६ करोड निक्षेप संकलन रकर्जा रु. ८९ अर्ब ६५ करोड कर्जा प्रदान गरी १ अर्ब १ करोड ५६ लाख खुद मुनाफा आर्जन गर्न सफल भएको छ । उक्त मुनाफा गतवर्षको सोही अवधिको तुलनामा १८३.५९ प्रतिशतले बढी हो । बैंक पहिलो पटक खुद मुनाफा रु. १ अर्ब कटाउन सफल भएको छ । देशका सुगम तथा दुर्गम क्षेत्रसम्म सेवा विस्तार गर्ने उद्देश्यका साथ बैंकले देशका विभिन्न स्थानहरुमा शाखा, शाखारहित बैंकिङ्ग तथा एक्सटेन्सन काउण्टरहरु संचालनमा ल्याई बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ । बैंकको कुलशाखा संख्या १३०पुगेको छ भने बैंकले १० एक्सटेन्सन काउण्टर २४ शाखारहित बैंकिङ्ग र ११३ वटा एटिएम मार्फत वित्तीय सेवाप्रदान गर्दै आएको छ ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक



# स्थानीय तहमा गठबन्धनः दलीय संयन्त्र ब्युँतने जोखिम

**रामेश्वर खनाल**

स्थानीय निर्वाचनको मिति नजिकिँदै गर्दा सत्तामा रहेका र प्रतिपक्षी दलहरूले आ-आफ्नो गठबन्धन गर्ने र तालमेलमा उम्मेदवारी दिने निर्णय गरिरहेका छन् । केही स्थानीय तहमा विरोध भए पनि केन्द्रीय तहबाट अर्कै निर्णय भएको छ । गठबन्धनमा नभएकाहरूले भोलि तालमेल गर्ने र अर्को गठबन्धन बनाउने सम्भावना पनि नहोला भन्न सकिन्न । तर स्थानीय तहको निर्वाचनमा यसरी गठबन्धन बनाउनुको औचित्य मैले देखेको छैन । संविधानले स्थानीय सरकारलाई बहुमत अल्पमतका आधारमा गठन हुने परिकल्पना गरेको छैन । स्थानीय कार्यकारिणीलाई, स्थानीय व्यवस्थापिकालाई संयुक्त सरकार हुनुपर्ने भनेको छैन । स्थानीय कार्यकारिणी भनेको स्थानीय सरकार हो । स्थानीय सरकार बनाउँदा गठबन्धन पनि होला, अथवा एउटै दलको बहुमतमा आउला वा सरकार चलाउन कठिनाई होला भन्ने परिकल्पना संविधानले गरेको देखिंदैन ।

स्थानीय सरकार भनेको स्थानीय विकास निर्माण गर्ने र स्थानीय रूपमा सेवा दिने एउटा राजनीतिक इकाई हो भन्ने परिकल्पना संविधानमा छ । इकाईको कार्यकारिणी प्रमुख शक्तिसम्पन्न बनाउनुपर्छ भनेर भनेको छ । कार्यकारिणीमा रहेका सबै व्यक्तिहरू प्रत्यक्ष निर्वाचित हुन्छन् ।

**बहुमत/अल्पमत विनाको स्थानीय सरकार**

प्रमुख, उपप्रमुख लगायत पदहरूमा प्रत्यक्ष निर्वाचित हुन्छन् । वडा अध्यक्षहरू प्रत्यक्ष निर्वाचित हुन्छन् । सदस्यहरू पनि त्यही रूपमा चुनिन्छन् । स्थानीय तहमा कुनै दलको बहुमत पुगेर वा नपुगेर सरकार बन्नै नसक्ने अवस्था हुँदैन । संविधानले गठबन्धनको परिकल्पना नगरेको भन्ने मेरो जिकिर हो । स्थानीय तहमा निर्वाचन हुने बित्तिकै सरकार बनाउन कठिन हुँदैन । किनभने संविधानमा नै बहुमत पुर्‍याउनु नपर्ने, अल्पमत पनि नहुने गरी स्थानीय तह सञ्चालन हुने परिकल्पना गरिदिएको छ । अल्पमतमा परेकै कारण मेयरले पाँच वर्षमा सरकार छाड्न पनि पर्दैन । कार्यकारी प्रमुख भइरहन्छ । यसरी स्थायी प्रकृतिको संयन्त्रको प्रबन्ध संविधानले गरिदिएको थियो । राजनीतिक स्थायित्व होस्, विकास-निर्माणका काम होउन्, नागरिकले राम्रोसँग सेवा पाउन् भन्ने उद्देश्य राखिएको थियो । त्यसैले नागरिकले प्रत्यक्ष रूपमा चुनेको व्यक्ति स्थानीय तहको प्रमुख होस् भन्ने परिकल्पना थियो ।

संविधानले स्थानीय तहमा निर्दलीय अभ्यास हुन्छ भन्ने परिकल्पना त गरेको छैन । दलीय अभ्यास र प्रतिस्पर्धा बेठिक भन्ने मेरो आशय होइन । तर कहीं पनि अल्पमत र बहुमतको परिकल्पना नगरिएको र विभिन्न पदमा जसले बढी मत ल्याउँछ त्यही निर्वाचित हुने व्यवस्था रहेको अवस्थामा केका लागि गठबन्धन हो, स्पष्ट रूपमा भनेका छैनन् । मेयरको पदमा स्वतन्त्रले नै बढी मत ल्यायो भने उसको नेतृत्वमा कार्यपालिका बन्छ । ऊ अल्पमतमा छ या बहुमतमा भन्ने विषय गौण बन्न जान्छ । स्थानीय तहको विकास निर्माण र सेवा प्रवाहमा विचार गरेर संविधानमा यस्तो व्यवस्था गरिएको हुनुपर्छ । स्थानीय तह भनेको नागरिकको आवश्यकता र विकास निर्माणको सेवा प्रदान गर्ने सरकार हो । त्यो निरन्तर चलिरहोस्, राजनीतिक विग्रह वा अल्पमत, बहुमतका कारणले त्यसका क्रियाकलाप अवरुद्ध नहुन् भनेर यसरी परिकल्पना गरेको देखिन्छ ।

संघीय र प्रादेशिक तहमा गठबन्धन बनाएको ठिकै होला । त्यो पनि समान विचार भएका तर अलग-अलग दलहरूबिचको गठबन्धन ठिकै होला । संविधानले संघीय र प्रादेशिक तहमा बहुमतको, दुई वा बढी दलको संयुक्त अनि अल्पमतको सरकार बन्ने परिकल्पना गरेको छ । अल्पमतको सरकार भए पनि त्यसलाई टिकाउने विधिहरू संविधानमा स्पष्टसँगै लेखियो ।

सरकार बनाउन गाह्रो हुन्छ भनेर संघीय तहमा गठबन्धनको अभ्यास गर्नु जायज होला । संविधानमा पनि दुई दल मिलेर सरकार गठन गर्न सकिने परिकल्पना छ । आफ्नो मात्रै दलबाट बहुमत नपुगेको अवस्थामा अर्कोसँग मिलेर सरकार बनाउन सक्छन् भन्ने अनुमानका आधारमा त्यस्तो परिकल्पना गरिएको हो । स्थानीय तहमा अल्पमत र बहुमत भन्ने दृष्टिकोण नै रहेन । किनभने संविधानमा नै स्थानीय तहको प्रमुख र उपप्रमुखको कामबारे स्पष्ट कार्यविभाजन र व्यवस्था छ । संविधानले नै उपप्रमुखलाई न्यायिक समितिको नेतृत्व गर्ने जिम्मेवारी तोकेको छ । यस्ता संवेदनशील पदमा भागबण्डा गरिसकेपछि त बाहिर बसेर त्यो पदलाई शक्ति-सन्तुलन र खबरदारी गर्नुपर्ने वर्ग कमजोर हुने र स्थानीय नेतृत्वसँग मिल्ने अवस्था आउन सक्छ ।

***संविधानले स्थानीय तहमा निर्दलीय अभ्यास हुन्छ भन्ने परिकल्पना त गरेको छैन । दलीय अभ्यास र प्रतिस्पर्धा बेठिक भन्ने मेरो आशय होइन । तर कहीं पनि अल्पमत र बहुमतको परिकल्पना नगरिएको र विभिन्न पदमा जसले बढी मत ल्याउँछ त्यही निर्वाचित हुने व्यवस्था रहेको अवस्थामा केका लागि गठबन्धन हो, स्पष्ट रूपमा भनेका छैनन् । मेयरको पदमा स्वतन्त्रले नै बढी मत ल्यायो भने उसको नेतृत्वमा कार्यपालिका बन्छ । ऊ अल्पमतमा छ या बहुमतमा भन्ने विषय गौण बन्न जान्छ । स्थानीय तहको विकास निर्माण र सेवा प्रवाहमा विचार गरेर संविधानमा यस्तो व्यवस्था गरिएको हुनुपर्छ । स्थानीय तह भनेको नागरिकको आवश्यकता र विकास निर्माणको सेवा प्रदान गर्ने सरकार हो । त्यो निरन्तर चलिरहोस्, राजनीतिक विग्रह वा अल्पमत, बहुमतका कारणले त्यसका क्रियाकलाप अवरुद्ध नहुन् भनेर यसरी परिकल्पना गरेको देखिन्छ ।***

संघीय र प्रादेशिक तहमा निर्वाचनपछि आ-आफूले पाएको मत अनुसार शक्ति पुगेन भने पछि गठबन्धन गर्न सकिन्छ । पहिले गर्ने अभ्यास त चलिसकेको छ । तर स्थानीय तहमा जो निर्वाचित भए पनि अल्पमत र बहुमतको जोखिम नहुने भएकाले गठबन्धनको आवश्यकता नै रहँदैन ।

**के आधारमा गठबन्धन ?**

अहिले गठबन्धन गर्नु भनेको एकले अर्काको विरोध नगर्नु भनेको हो । त्यसरी विरोध नगर्नु भनेको गल्ती भएको अवस्थामा त्यसको विरोध नगर्नु र समर्थन गर्नु पनि हो

अहिले स्थानीय कार्यकारिणी निर्माण गर्नुपर्ने बेलामा गठबन्धन आवश्यक नै नभएको बेलामा ज्यादै विपरीत र दार्शनिक रूपमा अलग अनि विपरीत ध्रुवमा बसेकाहरूको गठबन्धन बनेको देखिएको छ । उनीहरू राजनीतिक रूपमा पनि अलग छन् । दार्शनिक रूपमा पनि अलग छन् ।

एउटा पक्ष गठबन्धन गरिएन भने भोलि गएर वामपन्थीहरू गठबन्धन गरेर हामीलाई अप्ठेरो पार्छन् कि भनेर गठबन्धन गर्न उत्सुक छ । अर्को पक्ष शक्ति ग्रहण गर्न र चित्त नबुझेको राजनीतिक शक्तिलाई पराजित गर्न उद्यत छ । दुवैको उद्देश्य भोलि गएर मिलेर काम गर्ने भन्ने होइन । आफू शक्तिशाली बन्नका निमित्त अरूलाई कसरी पछार्ने भन्ने मात्रै दुवै पक्षको उद्देश्य हो । स्थानीय तहमा योजनाहरू गएपछि राज्यस्रोतको दुरुपयोग गर्न पाइन्छ भन्ने सोच छ । एक्लै गइयो भने हालीमुहाली गर्न सकिंदैन । मिलेर गएपछि विरोध हुँदैन भन्ने सोचले काम गरेको छ । कुनै एउटा स्थानीय तहमा तालमेल गरेपछि अर्को ठूलो दलले विरोध गर्दैन भन्ने मानसिकता विकास हुन थाल्यो । किनभने ऊ पनि गठबन्धनको हिस्सेदार बन्नेभयो । मिलेमतो भएमा तपाईंले कमाएर हामीलाई दिनुपर्छ भन्ने सोच विस्तार भयो । हामीले कमाए पनि तपाईंलाई हेर्छौं भन्ने तालमेल प्रवृत्ति हावी हुनथाल्यो । अनेक समितिमा बस्ने र भागबण्डा गर्ने प्रवृत्ति देखिंदैछ । यो प्रवृत्तिले स्थानीय तहमा विकास निर्माणको काम हुन गाह्रो छ, बरु उपलब्ध स्रोत-साधन बाँडफाँट गरेर खान्छन् । संविधानको बर्खिलापमा गएर दलहरूले राजनीतिक रूपमा एउटा समूहले अर्को समूहलाई निषेध गर्नका लागि गठबन्धन गरिरहेका छन् । त्योभन्दा पनि घातक उद्देश्य जसरी पनि स्थानीय तहको स्रोतमाथिको कब्जा हो । गठबन्धनका नाममा दलहरू राजनीतिक रूपमा शक्तिशाली हुन खोजेको देखिन्छ । प्रशासनिक संयन्त्रलाई पंगु बनाएर हिजोको सर्वदलीय संयन्त्रले जस्तो दोहन गर्न सकिन्छ भन्ने सोच राखेको देखिन्छ । अहिले सत्तापक्षको गठबन्धन छ, प्रतिपक्षीको गठबन्धन पनि बनिसकेको भनेर सञ्चार माध्यममा आएका छन् । यी दुई समूह बाहेकका गठबन्धन पनि बन्लान् । यसरी गठबन्धन बनाएर स्थानीय तहको निर्वाचनमा जानु भनेको संविधानको मर्मविपरीत हो ।

तल्लो तहमा असहमति र विरोध भए पनि ठूला दलहरूमा केन्द्रीय शीर्ष नेताहरूले धम्क्याउने र 'खबरदार, तँलाई रेकर्डमा राख्छु' भन्नासाथ कार्यकर्ता तर्सिहाल्छन् । त्यसले स्थानीयस्तरको आवाज र चाहना दमित हुने भयो । त्यही कारणले मैले यो विषयमा आलोचना गरेको हुँ । कुनै व्यक्ति वा दल मन नपरेर यसरी टिप्पणी गरिएको होइन ।

अहिले दलहरूले अलग-अलग रूपमा घोषणापत्र ल्याएका छन् । साथै गठबन्धन पनि गरेका छन् । दलीय रूपमा ल्याएको तर उम्मेदवारी नदिएको ठाउँमा त्यो घोषणापत्र कसले कार्यान्वयन गर्ने हो ? स्पष्ट छैन । स्पष्ट पारेको भए पनि कार्यान्वयन हुनसक्ने अवस्था त थिएन । प्राविधिक रूपमा समेत स्पष्ट गर्न नसक्नेहरूले आ-आफ्नै ढंगले गठबन्धन गरिरहेका छन् । त्यसैले यस कामको निहित स्वार्थ अर्कै हो भनेर बुझ्न कठिन हुँदैन ।

दलीय संयन्त्रको नयाँ संस्करण

स्थानीय तहमा पहिले जनप्रतिनिधि नहुँदा सर्वदलीय संयन्त्रको नाममा लुटिखाने प्रवृत्ति थियो । स्थानीय तहको निर्वाचन हुन नसकेपछि सर्वदलीय संयन्त्र कायम गरिएको थियो । संयन्त्रले त्यसबेलाको नगरपालिका, गाउँपालिकाको व्यवस्थापन ध्वस्त पार्‍यो । कर्मचारीतन्त्रलाई पनि भ्रष्ट बनायो । कर्मचारीतन्त्रलाई परिचालन गरेर दलका मानिसहरूले आफूले कमाउने बाटो बाहेक केही गरेनन् ।

त्यतिबेला दलीय संयन्त्रमा रहनेहरू निर्वाचित नभएकाले कतै पनि जवाफदेही हुनुपरेन । केन्द्रीयस्तरमा राजनीतिक संयन्त्रको बलमा गएका उनीहरू स्थानीय निकायमा कब्जा जमाउन गएका थिए । अहिले पनि स्वच्छ निर्वाचनलाई निष्क्रिय पारेर गठबन्धनको बलमा नेताहरूले कार्यकर्तालाई अनि कार्यकर्ताहरूले आफ्ना मतदातालाई डण्डा लगाएर गठबन्धन गरिएको छ । यस्ता विषय जनताले चाहेको होइन । यस्तो कुरा जनताले चाहँदा पनि चाहँदैनन् । उनीहरूलाई जोसुकै व्यक्ति आए पनि काम गर्ने मान्छे आउनुपर्‍यो भन्ने रहन्छ ।

स्थानीय तहमा अहिले राम्रो स्रोतसाधन पुगेको छ । प्राकृतिक स्रोत-साधनको दोहन उस्तै छ । यी स्रोतमाथि पकड राखेर आफ्नो दलको कोषलाई बलियो बनाउने गरी दोहन गर्न सकिन्छ भन्ने उद्देश्य देखिन्छ । त्यो बाहेक यस्ता गठबन्धनको अरू केही उद्देश्य रहेको देखिंदैन ।

गठबन्धनमा सबै दल मिलिसकेपछि त स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतलाई पंगु बनाउने खतरा रहन्छ । प्रतिपक्षीले, हारेको उम्मेदवारले विरोध गर्ने अवस्था नै नरहने भयो । गठबन्धनमा एउटा दल उठेको ठाउँमा अरू दलले उम्मेदवारी नदिने भए । ती प्रतिपक्षी हुँदैनन्, किनभने तिनीहरू मिलेर बस्छन् ।

मेयरले सबैलाई मिलाएर गएपछि प्रशासकीय अधिकृत बाध्यताले काम गर्छन् । निकटतम प्रतिस्पर्धी नभए पनि उसलाई सबैतिरबाट डर हुन्छ ।

यो अवस्था हुँदैनथ्यो भने स्थानीय तहमा दलीय विविधता आउने थियो । मेयर एउटा निर्णयको अडानमा थियो, तर अरू जनप्रतिनिधि विरोधमा थिए भने प्रमुख प्रशासकीय अधिकृतले यसरी निर्णय गर्न सकिंदैन भन्ने अडान राख्न सक्थ्यो । तर अब सबै दल मिलेपछि त एकमुष्ट रूपमा दबाव दिन्छन्, जसले प्रमुख प्रशासकीय अधिकृतलाई गाह्रो हुने देखिन्छ ।

स्थानीय तहमा ठाउँमा मिलिभगत गरेर सेवा गर्ने उद्देश्य भन्दा पनि स्रोतको दोहन गर्ने, स्रोतमाथि भागबण्डा गर्ने उद्देश्यले गठबन्धन गर्नु मुलुकको हितका लागि होला र ? अहिले संघीय र प्रदेश तहमा सांसद भइसकेकाहरूले पनि स्थानीय तहको पदहरूमा चाहना राखेको देखिन्छ । संघीय तहमा निर्वाचन जितेर सांसद मात्रै भएर बस्दा स्थानीय तहमा विकास निर्माणको काम देखाउन कठिन हुनेभयो । त्यसको साटो स्थानीय जनप्रतिनिधिले लोकप्रियता हासिल गर्ने गरी काम गर्न सकिने सम्भावना बोकेका छन् । कतिपयलाई यही बाटोबाट कुस्त पैसा कमाउन सकिन्छ भन्ने चाहना पनि होला । मेयरले त कतिपय अवस्थामा केन्द्रीय नेताहरूलाई पनि सजिलो बनाइदिनसक्ने भयो ।

केही स्थानीय तह र जनप्रतिनिधिले केन्द्रीय नेताहरूको धरातल बलियो बनाइदिएका उदाहरण हामीसामु छन् । स्रोत-साधनको दुरुपयोग गर्ने सम्भावना पनि उत्तिकै छ । अहिले स्रोतको दोहनमा मात्रै यस्तो क्रियाकलाप देखेकाले मैले लुटतन्त्रको जोखिम छ भनेको हुँ । स्थानीय तहले सुरुका वर्षमा काम गर्न नसके पनि पछिल्ला चार वर्षमा केही राम्रा काम गरेको हो । त्यसले लोकतन्त्रलाई अलिकति भए पनि बलियो बनाउँछ, संस्थागत गर्छ भन्ने आशा थियो । आगामी दिनमा स्थानीय तहले राम्ररी काम गर्न सकेमा आर्थिक दृष्टिकोण र राजनीतिक स्थायित्वको रूपमा राम्रै होला भन्ने अपेक्षा थियो । अहिलेको यो अभ्यासले स्थानीय कार्यकारिणी र स्थानीय व्यवस्थापिका लाई पंगु नै बनाउने गरी स्रोत दोहनको उद्देश्य मात्रै राखेर अघि बढ्न खोजे भनेर चिन्ता गरेका हौं । अहिले गठबन्धन गर्नु भनेको एकले अर्काको विरोध नगर्नु भनेको हो । त्यसरी विरोध नगर्नु भनेको गल्ती भएको अवस्थामा त्यसको विरोध नगर्नु र समर्थन गर्नु पनि हो । हामी त्यहाँ गएर गडबड गर्नुपर्छ, त्यसक्रममा गल्ती हुन्छ, त्यो गल्तीको विरोध होइन, मौनतापूर्वक समर्थन आवश्यक पर्छ भन्ने उद्देश्यले उनीहरू चलेका छन् । हरेकलाई यस्तै सोच छ । विचारधाराको रूपमा कुनै दुईवटामा समन्वय नभएका मानिसहरू मिल्नुको आशय राज्यशक्तिको दोहन बाहेक केही होइन ।

(पूर्वसचिव खनालसँगको कुराकानीका आधारित)

# खेलकुद

## पौडी पोखरी सर्वसाधारणका लागि खुल्ने

सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसर हातामा रहेको पौडी पोखरी सर्वसाधारणका लागि बुधबारदेखि खुल्ने भएको छ । राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङले पौडी पोखरीको मंगलबार औपचारिक शुभारम्भ गरे । मर्मत सम्भार, कोभिडलगायत कारणले ४ वर्षपछि सर्वसाधारणका लागि पहिलो पटक पौडी पोखरी खुल्न लागेको हो । पौडी पोखरी तीन सिफ्टमा सञ्चालन गरिने परिसरका प्रमुख देवराज कटुवालले जनाएका छन् । १०-१२, १-३ र ४-७ बजेसम्म गरी तीन सिफ्टमा पौडी पोखरी सञ्चालन गरिने छ । साधारणतर्फ टिकट दर २ सय तथा कम्तीमा १० जनाको समूहका लागि टिकट दर १ सय ५० तोकिएको छ । पौडी पोखरीमा लकर, सावर, प्रशिक्षण, लाइफ गार्डलगायतका सुविधा छन् । मासिक, त्रैमासिक र फुल सिजन सदस्यताको पनि व्यवस्था छ । सदस्य-सचिव घिसिङले सुरक्षा, प्रशिक्षणलगायत हरेक दृष्टिकोणले पौडी पोखरी व्यवस्थित ढंगले सञ्चालन गर्न निर्देशन दिए ।

## मकवानपुर गोल्डकप जेठ १२ बाट

मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा सहिद स्मृति स्थानीय तह मकवानपुर गोल्डकप फुटबल प्रतियोगिता जेठ १२ बाट हुने भएको छ । आयोजक मकवानपुर जिल्ला फुटबल संघको मंगलबार बसेको बैठकले जेठ १२ गतेबाट मकवानपुर गोल्डकप फुटबलको आयोजना गर्ने निर्णय गरेको हो । फुटबल संघको आयोजनामा हुँदै आएको मकवानपुर जिल्ला लिग र गोल्डकपको मिति तोकेर पनि तयारी नपुगेको भन्दै सारिएको थियो । गोल्डकपको लागि मकवानपुरका १० वटै स्थानीय तहले बजेट विनियोजन गर्दै आएको छ । 'यस बर्षको मकवानपुर गोल्डकपको लागि हामीलाई सबै पालिकाले बजेट छुट्याएका छन् । स्थानीय तहको चुनावपछि गोल्डकप गर्ने तयारी थालेका छौं', जिल्ला फुटबल संघ अध्यक्ष टीकाराम लामाले भने, 'निर्णय गरेर आवश्यक तयारी सुरु गरिसकेका छौं ।' प्रतियोगितामा ए डिभिजन क्लबसहित आयोजक टिमको समेत सहभागिता हुनेछ । यस वर्षको मकवानपुर गोल्डकपको विजेताले १५ लाख र उपविजेताले १० लाख रुपैयाँ प्राप्त गर्नेछ ।

## रेफ्री संघको अध्यक्षमा बुद्धि गुरुङ

अखिल नेपाल फुटबल संघ (एन्फा) अन्तर्गत रेफ्री संघको अध्यक्षमा बुद्धि गुरुङ चयन भएका छन् । सोमबार एन्फा अध्यक्ष कर्मा छिरिङ शेर्पाले गुरुङलाई अध्यक्षको प्रमाणपत्र हस्तान्तरण गरेका हुन् ।

संघको उपाध्यक्षमा श्रीराम रञ्जितका, विनोद केसी र मधुसुदन खनाल



चयन भएका छन् । त्यस्तै सदस्यहरूमा शैलेस जोशी, विदेन्द्रबहादुर पाण्डे, नविन्द्र महर्जन, श्रवण कुमार तामाङ, प्रकाश नाथ श्रेष्ठ, प्रदीपकुमार बस्नेत, शुक्र तामाङ र सन्तोष गुरुङ चयन भएका हुन् । महिलातर्फ कल्पना शर्मा सदस्यमा चयन भइन् । एन्फाको आसन्न चुनाव असार ६ गतेबाट हुँदैछ । त्यसका लागि नयाँ कार्यसमिति चयन भएको हो । एन्फाको चुनावमा रेफ्री संघको एक जनाले मतदानको अधिकार पाउनेछ ।

## फुटबल खेलाडी संघको अध्यक्षमा विक्रम लामा

विक्रम लामाको अध्यक्षतामा फुटबल खेलाडी संघको नयाँ कार्यसमिति चयन भएको छ । अखिल नेपाल फुटबल संघ (एन्फा)को असार ६ गते हुने केन्द्रीय निर्वाचनका र प्रतिनिधि छनोट तथा नयाँ कार्यसमिति छनोटका लागि आइतबार भएको बैठकले राष्ट्रिय खेलाडी लामालाई चयन गरेको हो । एन्फाको चुनावमा फुटबल खेलाडी संघको एक जनाले मतदान अधिकार पाउने छ । आजको बैठकले उपाध्यक्षमा राष्ट्रिय टोलीका नियमित सदस्य र नेपालबाट




खेलिसकेका खेलाडीहरू विकेश कुथु, सुजल श्रेष्ठ र विराज महर्जनलाई चयन गरेको छ । यस्तै रन्जित धिमाल, अनन्त तामाङ, विशाल राई, विमल घर्तीमगर, सरोज दाहाल, रोहित चन्द र विशाल श्रेष्ठ सदस्य चुनिएका छन् । एन्फाका अध्यक्ष कर्माछिरिङ शेर्पाले नव निर्वाचित खेलाडी संघको कार्यसमितिलाई कार्यकाल सफलताको शुभकामना दिएका छन् ।

## दशौं राष्ट्रिय डार्टस प्रतियोगिता सम्पन्न

नेपाल डार्टस संघको आयोजनामा दशौं राष्ट्रिय डार्टस प्रतियोगिता २०७९ काठमाडौंमा सम्पन्न भएको छ ।रु देशैभरबाट छनौट भएका उत्कृष्ट ३२ खेलाडीहरू सहभागित भएको प्रतियोगितामा प्रजित बस्नेत प्रथम भएका छन् । त्यस्तै आभास पौडेलले दोस्रो स्थान हासिल गरे । प्रतियोगितामा प्रथम, दोस्रो, तेस्रो स्थान हासिल गर्ने खेलाडीहरूलाई नगद पुरस्कार सहित सम्मान गरिएको थियो ।

## यी हुन्.......

गौरादहमा गोपाल पौड्याल, उपमेयरमा भरिपूर्ण राई, जिरीको मेयरमा किरण खड्का, उपमेयरमा श्रृष्टि न्यौपानेले मनोनयन दर्ता गरेका छन् । यसैगरी ललितपुरको गोदावरीमा मेयरमा राजकुमार महर्जन, उपमेयरमा रञ्जिता श्रेष्ठ खत्री, झापाको कचनकवलको प्रमुखमा अञ्जार आलम र उपप्रमुखमा निमसरी राजवंशी, मेचीनगरको मेयरमा रमेश दाहाल, उपमेयरमा सबिना बजगाईं, झापाकै बाह्रदशीमा रामकुमार सिंह राजवंशी र उपप्रमुखमा कमला कार्की, हल्दीबारीको प्रमुखमा रवीन्द्र लिङ्देन, उपप्रमुखमा लक्ष्मी मैनाली, कञ्चनपुरको भिमदत्त नगरपालिका प्रमुखमा गजेन्द्र चन्द, उपमेयरमा हेलेन श्रेष्ठले मनोनयन दर्ता गरेको छ । यसैगरी कञ्चनपुरको बेलौरी नगरपालिका प्रमुखमा अभिषेक जोशी, दार्चुलाको गोकुलेश्वर नगरपालिकाको प्रमुखमा रामानन्द सरस्वती, बर्दियाको मधुवन नगर प्रमुखमा गिरिराज पुरुष, तनहुँको व्यास नगरको प्रमुखमा दौलत अधिकारी, भानु नगर प्रमुखमा शेरजंग अधिकारी, भीमादमा विष्णु भक्त खनाल, शुक्लागण्डकीमा विष्णु थापा मगर, बाराको निजगढमा मेयरमा सावित्री देवी भारती, उपमेयरमा वासुदेव तिमल्सिना, स्याङ्जाको चापाकोट नगरपालिकाको मेयर पदमा मुन शाह र उपमेयरमा जीवन पंगेनी, पुतली बजारमा तुलसिंह ठकुरी, गोरखा नगरपालिकाको प्रमुखमा रुद्रराज पाण्डे र उपप्रमुखमा सम्झना लामिछाने, काठमाडौंको बुढानिलकण्ठ नगर प्रमुखमा निनादेवी भेटवाल, कोहलपुर नगरको प्रमुखमा प्रदीप शाह र उपप्रमुखमा साबित्रा घिमिरेले मनोनयन दर्ता गरेको छ ।

## कथा....

भनेर काममा जान्थ्यो । आखिर मान्छे नै त थियो ऊ पनि । कति दिन छल्न सक्थ्यो र ? एक दिन त अँठ्याइछोड्यो होइन मृत्युले !

तपाईंको त सहकर्मी मात्रै हो जीवन तर हाम्रो त सर्वस्व थियो ! हेर्नुस् त कति चाँडै अस्तायो हाम्रो जीवनको त्यो उज्यालो घाम ! कसरी टुहुरा भए उसका लालाबाला, कसरी बेसहारा भए ती डाँडा माथिको जूनहरू ! गयो चुपचाप ऊ अब सदाको लागि ! के अब फेरि कहिले फर्केर आउला र ऊ ? राज्यले पनि फेरि फर्काउन सक्छ र मलाई मेरो त्यो आफ्नै जीवन ? अत्यन्त हृदयविदारक ढंगले उहाँ विलौना गर्दै रुन्थ्यो । त्यहाँ भएका सबैका आँखा निभ्क्क भिजे । उहाँको हालत देखेर केही महिला आए र उहाँलाई समाएर लगे, तर मलाई ती शब्दहरूले हजारौं भोल्टको करेन्टको जस्तो झट्का दिए । म चेतनाशून्य भएँ ।

## कम्युनिष्ट..

क्रान्तिलाई पूर्णता प्रदान गर्न आर्थिक र सामाजिक क्रान्ति सम्पन्न गर्दै मुलुकलाई समाजवादी बाटोमा अगाडि बढाउनुपर्ने दायित्व बामपन्थी दलसामु आएको छ । मुलुकमा भएको युगान्तकारी परिवर्तनका आन्दोलनमा बामपन्थी दलको पहलकदमी र वैचारिक नेतृत्वमा नै सफल भएका छन् । समाजवादको आधार निर्माणका लागि दिशाबोध भएको संविधान निर्माण जस्तो ऐतिहासिक कार्य पनि बामपन्थीकै सहकार्य र नेतृत्वबाट सम्भव भएको छ । नेपालमा बामपन्थीको नेतृत्वमा शान्तिपूर्ण तवरले सम्पन्न भएको राजनीतिक क्रान्तिको सफलताबाट विश्वका अन्य देशका बामपन्थी एवं समाजवादी आन्दोलनका लागि अनुकरणीय बन्न पुगेको छ ।

कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध बनाउन २०७५ सालमा एमाले र माओवादी केन्द्रबीच एकता भएर नेकपा गठन भयो । यो एकताले राष्ट्रिय/अन्तर्राष्ट्रिय रूपमा ठूलो उत्साहको सञ्चार गरेको थियो । तर, वैचारिक सुस्पष्टताबिना केवल सत्ता प्राप्तिको मात्रै भएको त्यो एकता तीन वर्ष नपुग्दै टुट्न पुग्यो । नेपाल कम्युनिस्ट पार्टी स्थापना भएको ७३ वर्षमा आइपुग्दा नेपाली समाजमा विकास भएको चेतनाको जगले द्वन्द्वात्मक भौतिकवादी एवं माक्सवादी विचारले बहुसंख्यक मानिसलाई लैस गराउँदै लगेको छ । कुल जनसंख्याको झन्डै ६० प्रतिशत संख्याका बालिगले कम्युनिस्ट पार्टीका नीति, विचार, कार्यक्रमबाट आकर्षित भएर निर्वाचनमा वामपन्थी उम्मेदवारलाई मत प्रकट गरेका छन् । जनताबाट निर्वाचित भएर पटकपटक बामपन्थीले सरकारको नेतृत्व गर्ने अवसर पनि प्राप्त गरे । तर, सरकारमा गएर पार्टीको सिद्धान्त, विचार र कार्यक्रमअनुरूप सरकार सञ्चालन नगर्दा बामपन्थी आलोचित पनि भएका छन् । सुरुमा ५ जनाबाट स्थापना भएको कम्युनिस्ट पार्टीमा आज लाखौंलाख मानिस आबद्ध भएका छन्, यसका साथै पार्टीभित्रको युवा, महिला, किसान, मजदुरलगायतका पेसागत संगठन, ट्रेड युनियनमा लाखौंलाख संख्यामा मानिसहरू संगठित भएका छन् । नेपाल जस्तो गरिबी र बेरोजगारीले आक्रान्त पिछडिएको मुलुकमा वामपन्थी राजनीति लोकप्रिय पनि बनेको छ । बामपन्थीले सरकारमा गएर सिद्धान्त, आदर्शअनुरूप काम गर्न नसक्दा यसले मुलुकमा जनताको अभिमतबाट राज्यसत्तामा पुगेर समाजवादी क्रान्ति गर्ने कार्यक्रम लागू गर्ने चुनौती खडा भएको छ । पुष्पलालको अगुवाइमा स्थापना भएको कम्युनिस्ट पार्टीमा पहिलो महाधिवेशनदेखि दक्षिणपन्थी रुझानहरू नेतृत्वमा देखापरेको थियो । दोस्रो महाधिवेशनमा राजा परस्त रायमाझीले नेतृत्व नै हत्याउन सफल भए । त्यसपछि कम्युनिस्ट आन्दोलनमा दक्षिणपन्थी, आत्मसमर्पणवादी चिन्तन एवं प्रवृत्तिहरू बढ्दै गए । पार्टी पुनर्गठनको प्रक्रियाले यस्ता प्रवृत्तिलाई परास्त गरे पनि २०६२/६३ को आन्दोलनमा गणतन्त्रको कार्य दिशाविरुद्ध दक्षिणपन्थी, यथास्थितिवादी सोच चिन्तन र विचार प्रकट नभएका होइनन् तर आन्दोलनको राप र तापले यस्ता प्रवृत्तिलाई परास्त गर्‍यो र आन्दोलन सफल भयो । नेपालको कम्युनिस्ट आन्दोलनमा दोस्रो महाधिवेशनबाट सुरुवात भएको दक्षिणपन्थी अवसरवादले कम्युनिस्ट आन्दोलनमा जुन खालको विभाजन भयो । विद्रोह भयो र सँगसँगै पुनर्गठनको प्रक्रिया पनि अगाडि बढेको छ । यस क्रममा एमालेभित्र विद्रोह गरेर माधवकुमार नेपालको अगुवाइमा नेकपा एकीकृत समाजवादी गठन भएको छ । यो अहिले सरकारमा छ तर पनि समाजवाद स्थापनाको आधार बनाउन उसले कुनै भूमिका खेल्न सकेको छैन् ।

नेपालको कम्युनिस्ट आन्दोलन अब नयाँ कार्य दिशाका साथ अगाडि बढ्न जरुरी छ । नेपाली अर्थ राजनीतिमा हावी हुँदै गएको दलाल पुँजीवादलाई नियन्त्रण र अन्त्य गरेर राष्ट्रिय पुँजीको निर्माण, उत्पादन र रोजगारी वृद्धि हुने क्षेत्रमा व्यापक लगानी, औद्योगिकीकरणको थालनीसँगै स्वाधीन र आत्मनिर्भर अर्थतन्त्र निर्माण गरेर मुलुकलाई समाजवादी बाटोमा अगाडि बढाउनुपर्ने ऐतिहासिक दायित्व कम्युनिस्टसमक्ष आएको छ तर यहाका सबै कम्युनिस्ट दल अवसरवादमा डुब्दै नैतिक रूपमा स्खलित हुन पुगेका छन् ।

कम्युनिस्ट आन्दोलनभित्र हुर्केको दक्षिणपन्थी अवसरवाद, नैतिक पतन, भ्रष्टाचार, नातावाद, व्यक्तिवाद र सर्वसत्तावाद विरुद्ध दृढतापूर्वक वैचारिक संघर्ष गर्दै माक्सवाद र लेनिनवादी सिद्धान्तको आलोकमा नेपालमा समाजवादी क्रान्ति गरी वैज्ञानिक समाजवाद स्थापना गर्ने लक्ष्य, नीति र कार्यक्रमका साथ कम्युनिस्ट आन्दोलनभित्र एकता र एकीकरणको प्रक्रियालाई अगाडि बढाउन जरुरी छ । राजधानी दैनिक

## स्थानीय...

हो की, पाँच वर्षसम्म घर(घर आएर सेवा गर्ने मेयर चाहिएको हो ? यो मतदाताले रोज्नुपर्छ ।' काठमाडौं महानगरपालिका भित्र साढे दुई लाख घर रहेको र सकेसम्म सबैघरमा कुनै न कुनै माध्यमबाट पुग्ने प्रयास आफूले गर्ने उनले जनाए ।

## १ लाख.......

अन्तिम परिणाम आएको १५ दिन भित्र नगरसभाले आफ्नु मध्यबाट निर्वाचित गरेका ५जना महिला सदस्य र दलित वा अल्पसंख्यक समुदायबाट तीन जना गरी ८ जनालाई मनोनित गर्ने व्यवस्था गरेको छ । स्थानीय सरकारलाई संविधानले नै ३१ वटा मौलिक हकदिएको छ । उक्त ऐन प्रयोग गरेर स्थानीय सरकारले आफ्नो गाउँको विकास निर्माण व्यवस्थापन लगायतको काम गर्न सक्नेछन् । यसरी स्थानीयलाई विशेष अधिकार दिएको नेपालको नयाँ व्यवस्था राम्रो भए पनि गएको ५ वर्षमा कतिपय स्थानीय सरकारहरु छोटे राजाको रुपमामात्र परिचित भए जनताको लागि जनताले चुनेर पठाउने व्यवस्थामा जनताले जनताकै लागिकाम गर्न चुनेर पठाएका जनप्रतिनिधिहरु जनप्रतिनिधिहरु मालिक, जनता चै दास जस्तोव्यवहार कतिपय ठाउँमा देखिएका थिए । यो २०७९ वैशाख ३० मा निर्वाचित जनप्रतिनिधिहरु त्यस्ता नहुन भनेर स्थानीय जनताहरु चनाखो हुन जरुरी छ । ७५३ स्थानीइ निकायहरुमा नै सबै ठाउँहरुमा देशको हित र जनताको पक्षमा काम गर्ने नेतृत्व आउन् ।

## निवर्तमान.....

उपप्रमुख पदमा सात जनाको उम्मेदवारी परेको ललितपुर महानगरका सहायक निर्वाचन अधिकृत विष्णु पाण्डेले जानकारी दिनुभयो

यता भक्तपुर जिल्लामा भक्तपुर नगरपालिका, चाँगुनारायण नगरपालिका, मध्यपुर थिमि र सूर्यविनायक नगरपालिका गरी जम्मा चार स्थानीय पालिका छन् । जिल्ला निर्वाचन कार्यालय भक्तपुरका अनुसार स्थानीय निर्वाचनमा भक्तपुर जिल्लाबाट एक लाख ८४ हजार पाँच सय ८९ मतदाता सङ्ख्या छ । चाँगुनारायण नगरपालिकामा पुरुष २१ हजार ९८ र महिला २२ हजार सात गरी जम्मा ४३ हजार एक सय पाँच मतदाता छन् । भक्तपुर नगरपालिकामा २७ हजार छ सय ५६ पुरुष र २९ हजार छ सय १४ महिला गरी जम्मा ५७ हजार दुइ सय ७० मतदाता छन् ।

मध्यपुर थिमीमा २० हजार पाँच सय ३१ पुरुष, २१ हजार तीन सय आठ महिला र अन्य तीन जना गरी ४१ हजार आठ सय ४२ मतदाता छन् भने सूर्यविनायक नगरपालिकामा २२ हजार नौ सय ८० पुरुष, २४ हजार तीन सय ८५ महिला र अन्य दुई गरी जम्मा ४७ हजार तीन सय ६७ मतदाता छन् । यसैगरी, चाँगुनारायणमा नौ वडा अन्तर्गत ५३ मतदान केन्द्र, भक्तपुरमा दश वडा अन्तर्गत ६२, मध्यपुर थिमीमा नौ वडामा ४६ र सूर्यविनायक नगर पालिकामा दश वडाभित्र ५८ गरी जिल्लाभरमा दुई सय १९ मतदान केन्द्र रहने जिल्ला निर्वाचन कार्यालय भक्तपुरका सूचना अधिकारी भीमबहादुर बिसीले जानकारी दिनुभयो । अन्तिम मतदाता नामावली प्रकाशन, निर्वाचन कार्यालय स्थापना भइसकेको छ । मुख्य निर्वाचन अधिकृत र अधिकृत नियुक्तिदेखि आवश्यक सामग्री खरिद गरी मतदान केन्द्रमा पठाउने काम भएको बिसी बताउनुहुन्छ । निर्वाचन सुरक्षाका विषयमा उहाँले महानगरीय प्रहरी प्रभाग भक्तपुरद्वारा सुरक्षाकर्मीहरु खटाइने उहाँको भनाइ छ । ३४ दलबीच प्रतिस्पर्धा हुने भक्तपुरमा छ वटा राष्ट्रिय मान्यताप्राप्त दल र अरु २८ गरी जम्मा ३४ राजनीतिक दल स्थानीय निर्वाचनमा सहभागी हुँदैछन् । नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), नेकपा एमाले, जनता समाजवादी पार्टी (जसपा) र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) जुन राष्ट्रिय मान्यता प्राप्त छन् यसबाहेक २८ दल जिल्ला निर्वाचन कार्यालयमा दर्ता भएको बिसी बताउनुहुन्छ । सामाजिक एकता पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल, मौलिक जरोकिलो पार्टी, जनमत पार्टी, नेपाल कम्युनिष्ट पार्टी (समाजवादी), नेपाल परिवार दल, उन्नत लोकतन्त्र पार्टी, झा पार्टी नेपाल, विवेकशील साझा पार्टी, राष्ट्रिय जनमोर्चा, नेपाः राष्ट्रिय पार्टीबाट विभिन्न पदमा उम्मेदवारी दिएका छन् । यस्तै, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाली कांग्रेस (विपि), आधुनिक नेपाल समाजवादी पार्टी, सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, नेपाली जनता दल, राष्ट्रिय जनमुक्ति पार्टी, नेपाल मजदुर किसान पार्टी, नेपाल सुशासन पार्टी, माओवादी कम्युनिष्ट पार्टी नेपाल, नेपाल विवेकशील पार्टी, जनसमाजवादी पार्टी, समाजवादी केन्द्र नेपाल पनि चुनावमा उत्रेका छन् । यहाँको स्थानीय तहको निर्वाचनमा नागरिक उन्मुक्ति पार्टी, आमूल परिवर्तन मसिह पार्टी नेपाल, नेपालका लागि नेपाली पार्टी, जनता प्रगतिशील पार्टी, नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) ले प्रतिस्पर्धा गर्दैछन् ।

## दाङ....

एमाले दाङका पूर्वअध्यक्ष तथा चौधरी सामाजिक अभियान्ता हुनुहुन्छ । लमही नगरपालिकाको प्रमुखमा नेपाली कांग्रेसबाट जोगराज चौधरी र उपप्रमुखमा लक्ष्मी योगीले उम्मेदवारी दर्ता गराउनुभएको छ। सत्ता गठबन्धनका सहमति नभएपछि गठबन्धनका दलले एक्लाएक्लै दर्ता गराएका हुन् । लमहीमा नेकपा एमालेबाट नगर प्रमुखमा डण्डीराम चौधरी उपप्रमुखमा सुशीला शर्माले उम्मेदवारी दर्ता गराउनुभएको छ। लमहीमा माओवादीका तर्फबाट बसन्त शर्माले र उपप्रमुख गङ्गा पाण्डेले उम्मेदवारी दर्ता गराउनुभएको छ ।

बबई गाउँपालिकामा नेपाली काँग्रेसबाट अध्यक्षमा कुलबहादुर खत्री र उपाध्यक्षमा बमकुमारी खडका, दंगीशरणको अध्यक्षमा शम्भु गिरी उपाध्यक्षमा पिमाकुमारी खड्का, राप्तीको अध्यक्षमा जगदम्बाकुमारी चौधरी र उपाध्यक्षमा हरि भुसाल, गढवामा अध्यक्षमा सर्वजित डाँगी र उपाध्यक्षमा शारदा चौधरी, राजपुरमा अध्यक्षमा शरद बुढाथोकी र उपाध्यक्षमा धनपती यादवले उम्मेद्वारी दर्ता गराउनुभएको छ। जिल्लाका दुई गाउँपालिकामा गठबन्धनबाट उम्मेद्वारी परेको छ । शान्तिनगरमा नेपाली काँग्रेसबाट अध्यक्षमा प्रमोद बस्नेत र उपाध्यक्षमा प्रेमा केसीले उम्मेदवारी दर्ता गराउनुभएको छ । बंगलाचुली गाउँपालिकामा अध्यक्षमा माओवादी केन्द्रबाट सुवास पुन र उपाध्यक्षमा नेपाली काँग्रेसबाट भक्तबहादुर जिसीले मनोनयन दर्ता गराउनुभएको छ । यता नेकपा एमालेको तर्फबाट बबई गाउँपालिकाको अध्यक्षमा भुवनेश्वर पौडेल र उपाध्यक्षमा सावित्रा विश्वकर्माले मनोनयन गर्दा गराउनुभएको छ । पौडेल र विश्वकर्मा २०७४ स्थानीय तह निर्वाचनमा बबई गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षमा एमालेबाट निर्वाचित हुनुभएको थियो। शान्तिनगर गाउँपालिकामा विष्णु केसी र उपाध्यक्षमा कमला भण्डारी, दंगीशरण गाउँपालिका अध्यक्षमा एम.एन. शाह र उपाध्यक्षमा बुधनी चौधरी, राप्ती गाउँपालिकामा अध्यक्ष जगत पोखेल र उपाध्यक्ष कमलापति चौधरी, गढवा गाउँपालिकामा अध्यक्ष सहजराम अहिर र उपाध्यक्षमा सीता चौधरी, राजपुर गाउँपालिकामा अध्यक्ष कुलराज गिरि र उपाध्यक्षमा सीता यादव र बङ्गलाचुली गाउँपालिकाको अध्यक्षमा भेषराज खत्री र उपाध्यक्षमा सरस्वता घर्तीमगरले मनोनयन दर्ता गराउनुभएको छ । उता गढवामा नेकपा माओवादी केन्द्रबाट अध्यक्षमा यमनारायण शर्मा पोखेल र उपाध्यक्षमा एकीकृत समाजवादीकी शान्ति चौधरीले मनोनयन दर्ता गराउनुभएको छ। त्यसैगरी राप्ती गाउँपालिकामा माओवादीबाट प्रकाश विष्ट र जनमोर्चाबाट उपाध्यक्षमा केशव खनालले उम्मेदवारी दर्ता गराउनुभएको छ ।

# अन्तराष्ट्रिय समाचार

## टर्कीले २२७ आप्रवासीलाई अफगानिस्तान फिर्ता पठायो

अवैध रूपमा टर्की प्रवेश गरेका कम्तीमा २२७ अफगान नागरिकलाई आइतबार अफगानिस्तान फर्काइएको स्थानीय सञ्चारमाध्यमले अधिकारीहरूलाई उद्धृत गर्दै बताएको छ। मालत्या एयरपोर्टबाट चार्टर्ड उडानहरू पुनः शुरु भएदेखि कम्तिमा ६८१ अनियमित आप्रवासीहरूलाई अफगानिस्तान पठाइएको एरियाना न्युजले उल्लेख गरेको छ । शरणार्थीहरूका लागि युरोप जानका निम्ति टर्की एक प्रमुख ट्रान्जिट बिन्दु भनेको छ । यस देशले पहिले नै ४ मिलियन शरणार्थीहरूलाई होस्ट गरेको छ। हाले आप्रवासीहरुको नयाँ आगमनलाई रोक्न आफ्नो सिमानामा नयाँ सुरक्षा उपायहरू लिइरहेको छ। एरियाना न्युजले रिपोर्ट गरेको छ। गत वर्षको अगस्टको मध्यमा तालिबानले सत्ता कब्जामा लिएपछि अफगानिस्तानले निमरोज प्रान्त र टर्की हुँदै इरानजस्ता छिमेकी देशहरूमा अफगानीहरूको ठूलो संख्यामा पलायन मात्र भएको छैन सँगै जटिल समस्या पनि निम्तिएका छन् ।

## किम जोङ उनले आणविक हतियार बढाउने

उत्तर कोरियाली नेता किम जोङ उनले देशको आणविक हतियार बढाउने प्रतिबद्धता जनाएका छन् । सोमबार राति आयोजित एउटा सैन्य परेडलाई सम्बोधन गर्दै उनले आफ्नो परमाणु कार्यक्रम र अस्त्रभण्डार अझ बलियो बनाउने वाचा गरेका हुन् । उत्तर कोरियाली सेनाको ९०औं स्थापना दिवसको अवसरमा आयोजित परेडमा प्रतिबन्धित अन्तरमहादेशीय ब्यालिस्टिक क्षेप्यास्त्र आईसीबीएम प्रदर्शन गरिएको थियो । उत्तर कोरियाले सन् २०१७ पछि पहिलो पटक मार्चमा सबैभन्दा ठूलो आइसीबीएम परीक्षण गरेको थियो । परीक्षणलाई लिएर अन्तर्राष्ट्रिय समुदायमा चर्को आलोचना भएको थियो । उत्तर कोरियाका आणविक परीक्षणलाई लिएर अमेरिकाले उमाथि विभिन्न प्रतिबन्ध लगाएको छ । परमाणुअस्त्र बोक्न सक्ने गरी बनाइएका ती क्षेप्यास्त्रको मार हान्न सक्ने क्षमता अमेरिकासम्म छ ।

## मस्कोले जर्मनीका ४० कुटनीतिज्ञलाई देश निकाला गर्ने

मस्कोले जर्मनीका ४० कुटनीतिज्ञहरूलाई देश निकाला गर्ने भएको छ । युक्रेन द्वन्द्वमा रुसी कुटनीतिज्ञहरूलाई देश निकाला गर्ने बर्लिनको 'शत्रुतापूर्ण निर्णय' को बदलामा मस्कोको पछिल्लो कदम आएको हो । रुसी विदेश मन्त्रालयले सोमबार एक विज्ञप्ति जारी गर्दै मस्कोमा जर्मनीका राजदूतलाई बोलाएर रुसमा रहेका जर्मनीका कूटनीतिक संस्थाका ४० जना कर्मचारीलाई नन ग्राटा घोषणा गर्ने जनाएको छ । 'रूसी कुटनीतिज्ञहरूलाई निष्कासन गर्ने जर्मन सरकारको शत्रुतापूर्ण निर्णयको सम्बन्धमा मस्कोस्थित जर्मन कूटनीतिक नियोगका प्रमुखसमक्ष कडा विरोध जनाइएको छ', मन्त्रालयले भनेको छ । मन्त्रालयको निर्णयबाट कूल एक सय जर्मनी प्रभावित हुने प्राप्त विवरणहरूमा जनाइएको छ । रुसी कदम अनुमान गरे अनुसारको भए पनि न्यायोचित नभएको जर्मन विदेशमन्त्री अन्नलेना बेरबोकले बताए ।

## युक्रेन संकट : रुसद्वारा मारियोपोलमा युद्धविरामको घोषणा

रुसले मारियोपोलमा नागरिकलाई युद्ध क्षेत्रबाट बाहिर निकाल्नका लागि युद्धविरामको घोषणा गरेको छ । यद्यपि, युक्रेनकी उप-प्रधानमन्त्री इरिना वेरेशचुकले उद्धारका लागि अन्तर्राष्ट्रिय ग्यारेन्टी आवश्यक रहेको बताएकी छिन् । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस यसै साता युक्रेन भ्रमणमा जाने भएका छन् । यसैबीच, भिन्नेसियाका गभर्नर सेरही बोर्जोभले रुसले महत्वपूर्ण स्थानहरूलाई निशाना बनाएको र यसैका कारण मृत्यु भइरहेको बताएका छन् । रुसको दोस्रो ठूलो सहर खार्किभ, पूर्वी डोनबास, पश्चिमी प्रान्त लिभभ र रिभ्नेमा पनि गोली चलेको खबर आएको छ । युक्रेनको वायुसेनाले खार्किभ क्षेत्रमा रुसी विमान खसालेको दावी गरेको छ, यद्यपि पाइलट बाहिर निस्कन सफल भएका छन् । अर्कोतर्फ रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले सीआईए र अन्य विदेशी गुप्तचर निकायले रुसमा आतंकवादी हमलाको योजना बनाएको आरोप लगाएका छन् । पुटिनले अमेरिका र युरोपले अनौठो कूटनीति गरिरहेको र युक्रेनमा हतियार पठाइरहेको बताए । रुसी सेनाले मध्ययुक्रेनी सहर क्रेमेन्चुकमा इन्धन र तेल प्रशोधन केन्द्रलाई ध्वस्त पारेको दाबी गरेको छ । रुसी रक्षा मन्त्रालयले यस्तो दाबी गरेको हो । रक्षा मन्त्रालयका प्रवक्ता इगोर कोनासेन्कोभले युक्रेनमा रुसी 'विशेष सैन्य कारबाही' बारे गरिएको एउटा ब्रिफिङमा रुसी सेनाले धेरै सैन्य क्षेत्रमा हमला गरेको जनाएको छ । प्रवक्ता कोनासेन्कोभले भने, 'रुसी सशस्त्र बलहरूले युक्रेनमा विशेष सैन्य कारबाही जारी राखेका छन् । लामो दूरीका हतियारहरूले क्रेमेन्चुक सहरको बाहिरी भागमा रहेको तेल प्रशोधन केन्द्र ध्वस्त पारेका छन् ।' रुसी फौजले युक्रेनका ५६ ओटा सैन्य आधारहरूमा हमला गरेको मस्कोले दाबी गरेको छ । यद्यपि, मस्कोको दाबी पुष्टि हुन बाँकी नै छ । रुसले मारिओपोलमा रहेको एजोभस्टल स्टिल कारखानामा आक्रमण रोक्ने र त्यहाँबाट सर्वसाधारणलाई बाहिर निस्कन दिने बताएको छ । तर, युक्रेनले लिखित सुरक्षा सुनिश्चितताको माग गरेको छ ।

## भारतमा रथ यात्रामा करेन्ट लाग्दा ११ जनाको मृत्यु

भारतको तमिलनाडुमा रथयात्राको क्रममा करेन्ट लाग्दा ११ जनाको मृत्यु भएको छ । प्रधानमन्त्री नरेन्द्र मोदीले यो घटनामा मृत्यु भएकाका परिवारलाई २ लाख रुपैयाँको दरले राहत दिने घोषणा पनि गरेका छन् । यसैगरी घाइतेलाई प्रधानमन्त्री राहत कोषबाट ५०-५० हजार रुपैयाँ दिने पनि मोदीले बताएका छन् । त्यसअघि तमिलनाडुका मुख्यमन्त्री एमके स्टालिनले मृतक परिवारलाई ५-५ लाख रुपैयाँ दिने घोषणा गरेका थिए । बुधबार बिहान तमिलनाडुको तंजाबुरको एक मन्दिरको रथयात्राको क्रममा हाई भोल्टेजको तारमा छोइँदा ११ जनाको मृत्यु भएको थियो भने १५ जना घाइते भएका थिए । घटनाबारे प्रहरीले अनुसन्धान सुरु गरेको जनाएको छ ।

## बेलायती संसदमा अश्लिल भिडियो हेरेको भन्दै छानबिन

बेलायती संसदमा सत्तारुढ दलका एकजना सांसदले अश्लिल भिडियो हेरेको भन्दै अनुसन्धान सुरु भएको छ । एकजना महिला मन्त्रीले कन्जरभेटिभ पार्टीका सांसदले संसद चलिरहेको बेलामा आफ्नै सामुन्ने अश्लिल भिडियो हेरेको बताएकी थिइन् । त्यसपछि कन्जरभेटिभ पार्टीका प्रमुख सचेतकले विज्ञप्ति निकालेर ती सांसदको बारेमा छानविन थालेको जानकारी दिएका हुन् । छानविनमा पर्ने सांसदको नाम नखुलाए पनि उनी ४० देखि ५० वर्ष उमेरबीचका छन् । एजेन्सीको सहयोगमा

# कथा : राज्यले फेरी फर्काउन सक्ला र मेरो आफ्नो जीवन

रवीन्द्र केसी

अत्यन्त हृदयविदारक ढंगले विलौना गर्दै रुनुभयो । त्यहाँ भएका सबैका आँखा निथ्रुक्क भिजे । उहाँको हालत देखेर केही महिला आए र समाएर लगे, तर मलाई ती शब्दहरूले हजारौं भोल्टको करेन्टको जस्तो झट्का दिए । म चेतनाशून्य भएँ ।

जीवन भन्दा प्यारो के हुँदोरहेछ र मानिसलाई ! जब आफैं बाँच्ने कुरा जटिल हुन्छ तब मानिसलाई अरू कसैको जीवनको पनि त्यति चिन्ता हुँदोरहेनछ । कोरोनाकालमा हामीले व्यहोरेका केही संवेदनाहीन वर्षहरूले यस्तै धेरै पाठ सिकाएर गए । जीवनको क्षणभंगुरता र मानिसको जीवनप्रति चरम आसक्तिको स्पष्ट बोध गराए ।

देशमा कोरोनाको दोस्रो लहर चलिरहेको थियो । लकडाउनले घर, घर जस्ता थिएनन् ! झ्यालखाना जस्ता भएका थिए । टोल, सहर र गल्ली चकमन्न थिए । अक्सिजन र सिटामोल पनि नपाएर थुप्रै मानिस मरेका समाचारहरू सुनिन्थे । त्यसमाथि भुईंमान्छेहरूको कथा त अझै कारुणिक थियो । यतिसम्मको दुर्दशा हाम्रो पुस्ताले पहिले कहिल्यै पनि देख्नु-भोग्नु परेको थिएन ।

हाम्रै अफिस पनि कोरोनाको गम्भीर भुमरीमा परेको थियो । धेरै जना साथी अस्पतालमा भर्ना भइसकेका थिए । कतिको अवस्था गम्भीर थियो, कतिमा विस्तारै सुधार आउँदैथियो । नयाँ बिरामी थपिने क्रम पनि रोकिएको थिएन । सबैको मन आत्तिएको हुन्थ्यो, कसैको पनि काममा उत्साह हुँदैनथ्यो, जीवन स्वतस्फूर्त भएर चल्दैनथ्यो- जसोतसो धकेलिएको मात्र हुन्थ्यो ।

हरेक दिन जस्तै म बिहान करिब आठ बजे कार्यालय पुगेको थिएँ । सहकर्मी जीवनसँग तेस्रो तलाको बरण्डामा भेट भयो । हामी टाढा टाढै उभियौं र केही औपचारिक कुराकानी गर्‍यौं । बिरामी भएका साथीहरूको बारेमा पनि छलफल भयो । केहीबेर कामको कुरा पनि भयो । अन्त्यमा हामीले एक अर्काको मनोबल बढायौं र आ-आफ्नो काममा लाग्यौं ।

त्यस दिन पनि म अफिसबाट घर आएर बैठक कोठामा बसें तर किन हो मेरो छोरो मसँग कुरा गर्न आएन । पछि थाहा भयो छोरो र श्रीमती दुवै जनालाई बेस्सरी ज्वरो आएको रहेछ । शान्तिले सर्दीको ज्वरो होला भनिन् मैले पनि उनकै कुरामा सही थापें । मलाई भनें कोरोनाकै शंका थियो, आफूलाई सर्ला भन्ने डरले डबल मास्क लगाएँ । दुवै जनालाई एउटै छुट्टै कोठामा व्यवस्थापन गरें । भोलिपल्टदेखि अफिस जान छोडें र उनीहरूको हेरचाहमा लागें ।

केही दिनसम्म दुवै जनाको ज्वरो कत्ति पनि घटेन, खोकी झन्झन् बढ्दै गयो । सिटामोल र कफ सिरपले खासै फाइदा गरेन । दुवै जनालाई खाना रुचि पनि पटक्कै थिएन, छोरो त अलि अलि खान्थ्यो तर शान्ति भने पटक्कै खान सक्दिनथिन् । त्यसदिन उनलाई बल गरेर भए पनि खाऊ न भनेर म रिसाएँ, शान्तिले गहभरी आँसु पार्दै भनिन् 'रुचेदेखि त खाइहाल्थें नि, घाँटीबाटै छिर्दैन कसरी खानु !' निकैबेरसम्म उनले खानाको प्लेट हेरिन् र बर् बर् आँसु झार्दै भनिन्, 'अब त छोराछोरी पनि हुर्के ! बुढासँग बोइङ चढेर घुम्न जाउँला भन्ने धोको थियो !! उठ्नै पो नदेला जस्तो छ यो व्यथाले !!!'

उनले खानाको प्लेट छुँदै छोइनन्, उल्टै सिरकले मुख छोपेर सुतिन् । हिक्क हिक्क गर्दै रोएको आवाज मैले सुनिरहें । कति छिटो मृत्युसँग हार मानिन् शान्तिले भन्ने लाग्यो र मन एकदम भारी भएर आयो । पहिलो पटक जीवनमा ज्यादै नै निरीह भएको महसूस गरें । एक हप्तासम्म पनि उनीहरूमा कुनै सुधार देखिएन । किन पहिले नै पीसीआर गर्न लागिनँ भनेर ठूलो ग्लानि भयो । मनमा अनिष्ट कल्पनाहरू पनि आउन थाले । भोलिपल्टै 'केएमसी' अस्पताल सिनामंगलमा लगेर दुवैको पीसीआर गराएँ । रिपोर्ट पोजेटिभ आयो । अस्पताल भर्ना गर्ने हरसंभव प्रयास गरें तर सबै व्यर्थ भयो । रातभरि नराम्रा तर्कनाहरूले छोड्दै छोडेनन् । सुखद कुरा, त्यही दिन दिउँसैदेखि नै ज्वरो कम भयो । अनुहार पनि उज्यालो देखिन थाल्यो । मनमा आशा पलायो, खुसी भएर चिया बनाएर ल्याएँ, चियासँगै उनीहरूले केही बिस्कुट पनि खाए । मिहिनेत गरेर साँझको खाना पनि बनाएँ, दुवै जनाले अलि-अलि खाना पनि खाए । मेरो खुसीको सीमा रहेन र कठिन युद्ध जितेजस्तो लाग्यो ।

त्यही साँझबाट मोबाइल फोन पनि खोलें । बिरामीलाई खाना खुवाएर जीवनलाई फोन गरें । धेरैपटक घण्टी गयो तर उसको फोन उठेन । मनमा चिसो पस्यो र अरू साथीहरूलाई फोन गरें । जीवन अस्पतालमा मृत्युसँगको कठिन संघर्षमा रहेको थाहा पाएँ । एकछिन अघिको शान्त मन फेरि सिताङ्ग भयो । रात बितिसकेको थियो, कुनबेला उज्यालो होला भन्ने कुराको छट्पटी भयो । त्यो रात जीवनकै चिन्ताले बेचैन भएँ, बिहानीपख मात्र एक झप्को निदाएँ । भोलिपल्ट बिहान उठेर शान्तिलाई हेर्न गएँ । उनीहरूमा धेरै सुधार आइसकेको रहेछ । हतार-हतार उनीहरूको लागि खाना बनाएँ । नसेलाउने गरी हटकेसमा राखिदिएँ । मानसपटलमा जीवनकै अनुहार घुमिरहेको थियो । कोठामा गएर मोबाइल हेरें, दुईवटा एसएमएस आएका रहेछन् । म्यासेजहरू पढ्न थालें, पढ्दा पढ्दै चिट्चिट् पसिना छुट्यो, हातखुट्टा फतक्कै गल्यो, आँखा धमिलो भयो । थचक्क भुईंमा बसें, भर्खरै पढेको कुरामा विश्वासै लागेन दोहोर्‍याएर हेरें । लेखिएको थियो- राजेश ओझा र नवीन श्रेष्ठको कोरोना उपचारको क्रममा गए राति मृत्यु !

ती आत्मीय मित्रहरूसँगका सुमधुर सम्झनाहरू बिजुलीको गतिमा दिमागमा घुमे । दुवै जना एकदमै हट्टाकट्टा र स्वस्थ थिए । कार्य क्षेत्रमा पनि दुवै जनाको विशिष्ट पहिचान बनिसकेको थियो । अगाडिको क्यारियर पनि त्यत्तिकै उज्यालो देखिन्थ्यो । केही दिन अगाडि मात्रै हामी तीनै जनाले किंग्स वे मा सँगै बसेर कफी पिएका थियौं । त्यस दिनको झझल्कोले मलाई सही नसक्नु बनायो । सम्झना आयो, नविनको बुवालाई हरेक हप्ता डायलासिस गर्नुपर्थ्यो । उहाँको किड्नी ट्रान्सप्लान्ट गराइदिने उसको ठूलो धोको थियो । उता राजेशको पनि दश वर्षसम्म बच्चा भएको थिएन । उनीहरू पनि छिट्टै टेस्टट्युब बेबीको प्रक्रियामा जाने तयारी गर्दैथिए । दुर्भाग्यवश उनीहरूलाई मृत्युले अकस्मात् निमोठ्यो । अल्पायुमै उनीहरूले आफ्नो चोला बिसाए । त्यसपछि उनीहरूसँग जोडिएका अनगिन्ती सपना बेवारिस भए ।

नवीनको जीर्ण बुवा र साधना भाउजूको निर्दोष अनुहारहरू आँखामा सल्बलाए । बुवाको जिजीविषा र भाउजूको उजाडिएको मातृत्वका सपनाहरूले छाती चरक्क पारे । कोठामै म ती नमीठा अनुभूतिहरूले गलिसकेको थिएँ तैपनि घरमा कसैलाई केही भनिनँ, चुपचाप गाडी निकालें र अन्तिम संस्कारको लागि गौशाला पुगें ।

केहीबेरपछि सेतो व्यागमा प्याक गरेर दुवै जनाको लास ल्याइयो । भावविह्वल परिवारजनहरू डाँको छोडेर रुन थाले । नवीनको दशवर्षे छोरो आत्तिंदै रुँदै आएर मलाई समायो । नवीनको बुवालाई पनि त्यहाँ ल्याइएको रहेछ । उहाँका वृद्ध आँखाहरू पहिलेदेखि नै जलमग्न थिए । मलाई देखेपछि उहाँ झन् भक्कानिनुभयो, मुखबाट आवाज निस्किन सकेन, साउती गरे जस्तो आवाजमा भन्नुभयो 'मेरो किड्नी फेरिदिन्छु भन्थ्यो, मभन्दा पनि पहिला आफैंले चोला बिसायो !' उहाँलाई के भनेर सम्झाउँ मैले कुनै शब्द जुटाउन सकिनँ । गयो चुपचाप ऊ अब सदाको लागि ! के अब फेरि कहिले फर्केर आउला र ऊ ? राज्यले पनि फेरि फर्काउन सक्छ र मलाई मेरो त्यो आफ्नै जीवन ? केही बेरमा साधना भाउजू रुँदै मेरो अगाडि आएर भन्नुभयो 'डाक्टरहरू जाँच्न जानै डराउँथे, बिरामीले आफ्नो जाँच आफैं गर्नुपर्थ्यो, त्यति सिरियस मान्छे, ऊ आफैंले सक्दैनथ्यो । अक्सिजन सकियो कि बाँकी छ हेरिदिने पनि कोही भएन, साँझसम्म त कुराकानी गर्दैथियो, एकै रातमा बेवारिस मृत्यु मर्‍यो मेरो राजेश ।' म स्तब्ध भएँ । मैले केही भन्न नपाई केही महिलाले उहाँलाई समाएर लगे । राजेशको मायालु अनुहार आँखा अगाडि आइरह्यो । साधना भाउजूका कुराको यथार्थ के होला भन्ने सोचेर मेरो चेतना धमिलो भयो । कसलाई के भनेर सम्झाउने भन्ने सोच्नै सकिरहेको थिइनँ, अन्तिम श्रद्धाञ्जलीको समय भयो । दुवैको लास फलामे डण्डीको पर्खालभित्र चौरमा राखिएको थियो । ब्याग बन्द थियो कसैले पनि उनीहरूको अनुहार देख्न पाएनौं । न कुनै संस्कार, न कुनै विधि, न कुनै दागबत्ती न चिता, पिण्ड ! बेवारिस भएर जले उनीहरू बिजुलीको मेसिनमा । नियतिको यो संवेदनाहीन चर्तिकलाले देखेर नरुने त्यहाँ कोही भएन । वातावरण अत्यन्त कारुणिक बन्दै गयो, मैले पनि आफूलाई सम्हाल्न सकिनँ र आँखाबाट अविरल आँसु बगिरहे । बाटोभरि, जागिरे जीवनमा सँगै बिताएका धेरै पलहरू मस्तिष्कमा सल्बलाए । सँगै हाँसेका, रोएका र रमाएका अनगिन्ती क्षणका सम्झना आँखाबाट बगिरहे । सोचें, जीवन कर्कलाको पानी भन्दा के फरक रहेछ र ! मन क्षत-विक्षत थियो, ईश्वरसँग जीवनको सुस्वास्थ्यको प्रार्थना गरें । अस्पतालको बरण्डामै मनिषा भाउजूसँग भेट भयो । जखरक्क परेका केशहरू, मैला कपडा र उदास अनुहार लिएर उहाँ बेन्चमा बसिरहनुभएको रहेछ । मैले नमस्ते गरें, उहाँले पनि त्यस्तै गर्नुभयो । उहाँका आँखाहरू एकाएक जलमग्न भए, मैले हेर्न सकिनँ । नजर झुकाएर सोधें, 'कस्तो छ भाउजू जीवनलाई आहिले ।'

आँसु पुछ्दै उहाँले अवरुद्ध आवाजमा भन्नुभयो, 'रोई-कराई गर्दा बल्लतल्ल रेमडेसिभिर दिए । इण्डियामा निस्केको औषधि पाए बाँच्छु कि भन्थ्यो, अहिले त बोल्नै नसक्ने भयो । बिरामी आफैं ठीक भए जस लिने, मरे कोरोनाको औषधि छैन भनिदिने, गजबको उपचार हुँदोरहेछ यहाँ ! ईश्वरले त हेर्लान् नि जस्तो लाग्थ्यो त्यो पनि होइन रहेछ !

त्यसपछि उहाँ केही बोल्न सक्नुभएन, मलाई पनि सही नसक्नु पीडा भयो, तैपनि उहाँलाई सम्झाउने प्रयास गरें । 'चिन्ता नगर्नुस् भाउजू ! जे-जे गर्नुपर्छ, जहाँ लैजानुपर्छ हामी सबै गर्छौं, उसलाई केही हुँदैन, विस्तारै ठिक हुन्छ ।' उहाँले उपेक्षापूर्ण नजरले मलाई एक पटक हेर्नुभयो । ओठ टोकेर रुवाइ रोक्दै र झ्यालबाट बाहिरतिर हेरेर चुपचाप आँसु पुछ्न थाल्नुभयो । अरू संवाद हुन सकेन । माहोल सन्नाटापूर्ण भयो । म मर्माहत र किंकर्तव्यविमूढ थिएँ । त्यहीबेला एक जना मैले चिनेको डाक्टरलाई कतै जाँदै गरेको देखें, दौडिएर भेट्न पुगें । हाम्रो आपसमा अभिवादनको आदानप्रदान भयो, त्यसपछि कुरा गर्दै अलि पर पुग्यौं । कुरैकुरामा डाक्टरले भन्नुभयो, 'हजुर जीवन सरलाई हेर्न आउनुभएको होला । उहाँको अवस्था एकदम क्रिटिकल छ । कस्ता कस्ता रोगीहरू पनि ठिक भएका छन् तर त्यति बलियो मान्छेको हालत किन यस्तो भयो ? हामी आफैं पनि ताज्जुब छौं । हरसम्भव प्रयास गरियो, अब छिट्टै भेन्टिलेटरमा लान्छौं होला ।'

कुरा सुन्दासुन्दै आँखाहरू आँसुले रुझिसकेका थिए, मन टुटिसकेको थियो, डाक्टरसमक्ष आफ्नो इच्छा जाहेर गरें, 'एक पटक भेटाइदिनुस् न डाक्टर साब ।' डाक्टरले लामो सास लिएर भने, 'एकातिर हेल्थ प्रोटोकलको कुरा छ, अर्कोतिर तपाईंलाई पनि रिस्क हुन्छ । अब के भेट्नुहुन्छ, उहाँ करिब करिब अचेत अवस्थामा हुनुहुन्छ । अब हामी जो-जहाँ छौं त्यहींबाट प्रार्थना मात्र गर्ने हो ।' डाक्टरको कुरा सुन्दासुन्दै म भावशून्य भएँ । उनी आफ्नो काममा लागे र म त्यहीं विस्मित भएर त्यहीं उभिइरहें । खुट्टामा शरीर थेगिएन, नजिकैको बेन्चमा थ्याच्च बसें । हातको पानीको बोतल रित्याएँ, अनुहारको पसिना पुछें । सोचें, एउटा बहुआयामिक व्यक्तित्व आज जिन्दगीको अन्तिम सास लिंदैछ । त्यो उज्यालो जून सदाको लागि अस्ताउन लागेको छ । सही नसक्नु भयो ।

दिमागमा मानुषी भाउजू, सानी छोरी ज्योति र नाबालक छोराका निर्दोष अनुहारहरू दिमागमा सल्बलाए । फेरि सोचें, कसरी हिंड्लान् ती जिन्दगीका कठिन बाटाहरूमा !

अनिष्ट तर्कनाहरूमा म डुब्दै थिएँ, बरण्डातिरबाट रुवाबासीको आवाज आयो । उठेर त्यतै दौडिएँ, अघि भेटेकै डाक्टरलाई फेरि देखें, मैले परैबाट बोलाएँ, उनी एकछिन अडिए, म दौडिएर नजिकै पुग्नासाथ उनले भने, 'सरी ! हि ईज नो मोर, हामीले उहाँलाई बचाउन सकेनौं ।'

मानुषी भाउजू कंकला शब्दमा रुँदै हुनुहुन्थ्यो । जीवनकी वृद्ध आमाका आँखाबाट पनि आँसुका भेल बगिरहेका थिए । छोरी ज्योति र बालक छोरो पनि कौलासिएर रुँदै थिए । जीवन चिरनिद्रामा सुतिसकेको थियो तर त्यहाँ मृत्युले निर्मम तमासा देखाउँदै थियो ।

अस्पतालमा धेरै मानिस जम्मा भइसकेका थिए । तर मानुषी भाउजू, आमा र बच्चाहरूलाई सम्हाल्न कोही पनि गएनन् सबैको मनमा कोरोनाकै त्रास थियो । मानवताको निर्लज्ज र लाचार चेहरा त्यहाँ उदांगो भएको थियो । मैले छोराछोरीलाई समाएँ, ती आतंकित कलिला हातहरूले मलाई बेस्सरी अँठ्याए ।

केही समयपछि जीवनको देह सेतो व्यागमा पोको पारेर मुभिङ्ग स्ट्रेचरमा बाहिर ल्याइयो । हामी सबैले पालैपालो अन्तिम दर्शन गर्‍यौं । त्यो सानो छोराले रुँदै रुँदै गएर मृत बावुको दुवै खुट्टा च्याप्प समायो र ढोग्यो । त्यो हृदयविदारक दृश्यले सबैलाई भावविह्वलताको उत्कर्षमा पुर्‍यायो ।

अचम्म ! मानुषी भाउजू त्यतिबेला शान्त हुनुहुन्थ्यो । जसले जता डोर्‍यायो, त्यतै जाँदै हुनुहुन्थ्यो, सायद उहाँ चेतनाशून्य भइसकेको हुनुपर्छ । मेरो मन ज्यादै भारी थियो, तैपनि बिदा हुनुअघि उहाँलाई भेट्न गएँ र सम्झाउँदै भनें, 'भाउजू, अब आफूलाई सम्हाल्नुस् । यहाँसम्मको मात्रै साथी रहेछ जीवन, भगवानको इच्छाको अगाडि हाम्रो के लाग्दोरहेछ भाउजु !' मेरो कुरा सुनेर उहाँको अनुहार एकाएक परिवर्तन आयो, उहाँले अचानक रौद्र रूपमा आएर भन्नुभयो, 'मैले पो त मेरो जीवनसाथी गुमाएँ, मेरा छोरा छोरीहरू पो टुहुरा भए, तपाईंको त के भएको छ !' उहाँ एकछिन अडिनुभयो र फेरि चिच्याउँदै भन्न थाल्नुभयो, 'सारा दुनियाँ लकडाउन भनेर आफ्नै घरमा बस्यो तर उसले एक दिन छुटकारा पाएन । कोरोना भन्दा पनि ऊ तपाईंसँग धेरै डराउँथ्यो । तपाई बाध्य बनाउनुहुन्थ्यो उसलाई र ऊ डराई-डराई अफिस जान्थ्यो !' आङमा पो बर्दी थियो त, शरीर त फलामको थिएन नि ! उसको पनि त परिवार थियो, सपनाहरू थिए । मृत्युलाई बिर्सेर सधैं ऊ राज्यको लागि बाँकी ६ पृष्ठमा

# कविता



**प्रेमा संगम**
कालिनचोक -६,दोलखा
हाल, काठमाडौ

भुँईमान्छेहरुको समस्याको जुलुस
आधारभुत आवश्यकताकै खातिर
चुलोदेखि चिहानसम्म
पुच्छरदेखि सिरानसम्म
सारङ्गी जस्तै रेटिएर
एकमुठ्ठी सास रहेसम्म
सधैं भुईमान्छेहरुलाई
समस्याहरुको जुलुसले
समाजमा,देशमा र विश्वमा
विधि,पध्दति र शासकहरुले
नजरबन्द गरेर
पैतालाको धुलो बनाइरहन्छन ।

पुँजीवाद,समाजवाद र साम्यवाद जस्तै
अरु धेरै वादहरुले भन्दा पनि
गाँस,बास र कपासले सताउछ
बहुमत र बलशाहिकै आधारमा
मिति पुगेका वादहरु लादेर
भुँईमान्छेहरुको जीवनमा
समस्याहरुको जुलुस खडा गरेका हुन् ।
त्यसैले भन्छन,
शासक,प्रशासकहरुले
तिमीहरू साना मान्छे हौ
तिमीहरू भुँइमान्छे हौ
कुवाका भ्यागुता हौ
यसरी कैयौं वर्षदेखि
शक्तिको आड लागेर
मुठ्ठीभरका मान्छेहरुले
समस्याको जाल बिच्छ्याएर
दमन,शोषणको चक्र चलाइरहे
हामी सोझा भुँईमान्छेहरु माथि
र त,
समस्याको जुलुसले घेरेर
दु:खको नजरबन्दमा कैदी जस्तै
पिडाको पहाड बोकेर
पुस्तौऔ पुस्ता मौन बाँचेका छौ ।

हामी भुँईमान्छेहरुलाई जुन शासन भए पनि
शासन,सत्ताले मिचेकै छ
झुटो आश्वासनले थिचेकै छ
शिक्षाको उज्यालो ज्योति खोज्दा
सगरमाथा जस्तै अग्लो महंगी भेटिन्छ
स्वास्थ जीवन खोजेर अस्पताल पुग्दा
घर,जग्गा धितो राखेर
सुकुम्बासी बन्न तयार हुनुपर्छ
तर
अचेल हरेक पार्टीका घोषणापत्र हेर्दा,सुन्दा
देशको संविधान पल्टाउदा
नि:शुल्क शिक्षा र स्वास्थ त
एकाईसौ शताब्दीको युगमा पनि
दिवास्वपना जस्तै छ
हामी भुँईमान्छेहरुका लागि ।

आफ्नो अस्तित्वको लागि लड्दा
शरीर हाम्रो हुन्छ
सास हाम्रो हुँदैन
आश हाम्रो हुन्छ
गाँस हाम्रो हुदैन
श्रम,सीप हाम्रो हुन्छ
बास,कपाल हाम्रो हुँदैन
हामी भुँईमान्छहरु सधैं
मुसा दौडमा दौडिएर
जीवन धान्नकै लागि
समस्याहरुको जुलुसले घेरिएर
मृत्युशैयामा छट्पटाइरहन्छौ
अरुले देखाएका सपनाहरु बोकेर
सधै बिटुलो बनेर
संसारका हामी भुँइमान्छेहरु ॥

# टाटा मोटर्सको नयाँ इलेक्ट्रिक कार लन्च गर्ने तयारीमा

टाटा मोटर्सले केही दिन पहिले भारतमा नयाँ इलेक्ट्रिक कार टाटा कर्भ सार्वजनिक गरेको छ। कम्पनीले अब नयाँ ईभी लन्च गर्ने तयारी गरिरहेको इलेक्ट्रिक कार अल्ट्रोज ईभी वा लामो दुरीको नेक्सन ईभीको कन्सेप्ट भर्सन हुन सक्ने अनुमान गरिएको छ। साथै कतिपयले यो टाटा स्लिक हुनसक्ने शोमा कन्सेप्ट अवतारमा प्रस्तुत गरिएको थियो। साथै यो भारतमा भएको २०२० अटो एक्सपोमा पनि प्रदर्शन गरिएको थियो। टाटा नेक्सन दिने सम्भावना छ। हालको नेक्सन ईभीमा ३०.२ केडब्ल्युएच लिथियम-आयोन ब्याट्री प्याक दिइएको छ। सो पावरट्रेनले १२९ एचपी र २४५



छ। कम्पनीले अप्रिल २९ मा नयाँ इलेक्ट्रिक कार सार्वजनिक गर्ने भएको छ। यद्यपि कम्पनीले यसको डिजाइन, नाम र फिचरको बारेमा कुनै जानकारी सार्वजनिक गरेको छैन। मिडिया रिपोर्टका अनुसार टाटा मोटर्सको नयाँ अनुमान समेत गरेका छन्। यसको लागि अप्रिल २९ सम्म कुर्नु पर्नेछ। अनुमानित रिपोर्ट अनुसार टाटाको नयाँ इलेक्ट्रिक कार टाटा अल्ट्रोज ईभी हुने सम्भावनालाई थप जोड दिइरहेको छ, किनभने यो कार २०१९ जेनेभा मोटर ईभीको लङ रेन्ज भर्सन लन्च गर्न सक्ने पनि चर्चा छ। सो एसयूभीले एक पटक फुल चार्जमा ४०० किलोमिटरभन्दा बढीको रेन्ज दिन सक्ने बताइएको छ। लङ रेन्ज नेक्सन ईभीमा ४० केडब्ल्युएचको ब्याट्री प्याक एनएमको टर्क जेनेरेट गर्छ र एक पटक चार्जमा ३१२ किलोमिटरको ड्राइभिङ रेन्ज दिने दाबी गरिएको छ। हाल टाटा मोटर्सका २ इलेक्ट्रिक कार नेक्सन ईभी र टिगोर ईभी बजारमा बिक्री भइरहेको छ।

# नेपाल भित्रियो यामाहा एफजेड-एक्स, २५ हजार तिरेर आजैदेखी बुकिङ लिन सकिन


यामाहाको वहुप्रतिक्षित नियो रेट्रो स्टाइलयुक्त नयाँ वाइक एफजेड-एक्स नेपाल भित्रिएको छ। आजदेखी देशभरका शोरुममा उपलब्ध यो वाइकको बुकिङ खुल्ला गरिएको आधिकारिक वितरक एमएडब्लु इन्टरप्राइजेज स्रोतले बताएको छ। ४ लाख २६ हजार ९ सय रुपैयाँ मूल्य निर्धारण गरिएको यो वाइकलाई २५ हजार रुपैयाँ तिरेर वुकिङ लिन सकिने उक्त स्रोतको भनाई छ। यसै महिनाको अन्तिमसम्ममा औपचारिक



लन्च गर्ने तयारी गरिएको यो बाइकलाई हात पार्न ग्राहकले सो समय अवधीसम्म कुर्नुपर्ने देखिन्छ।

यो नयाँ मोटरसाइकलमा १४९ सीसीको एयर कुल्ड इन्जिन जडान गरिएको छ। जसले १२.४ एचपीको पावर र १३.३ एनएमको टर्क जेनेरेट गर्नेछ। सो इन्जिनलाई ५-स्पिड कन्स्ट्यान्ट मेस ट्रान्समिसनले जोडेको छ।

नयाँ डिजिटल कन्सोल जडान गरिएको यो मोटरसाइकलमा टेलिस्कोपिक फ्रन्ट सस्पेन्सन र मोनोसक रियर सस्पेन्सन दिइएको छ। ब्रेकिङका लागि सिंगल च्यानल एबीएसका साथ डिस्क ब्रेक दिइएको छ। यो नयाँ वाइकमा भएको ब्लुटुथ कनेक्टिभिटीमार्फत यामाहाको वाई-कनेक्ट एप प्रयोग गर्न सकिन्छ। यसले स्मार्टफोनलाई जोड्छ र मिस्ड कल, इमेल, म्यासेज र फोनको ब्याट्री लेवल आदि थाहा पाउन सकिन्छ। यसले मोटरसाइकलको इन्जिन आयल र ब्याट्री लेवल समेत थाहा दिन्छ। हेर्दा सामान्य लागे पनि यसमा धेरै आधुनिक फिचर राखिएका छन्। यामाहा एफजेड-एक्समा अघिल्लो र पछिल्लो भागमा एलईडी लाइट, एलईडी फ्ल्यासर, सिंगल च्यानल एबीएस, साइड स्ट्यान्ड इन्जिन कटअफ र ब्लक प्याटर्न टायर जस्ता फिचर उपलब्ध छन।




हावाहुरीबाट बचौं र बचाऔं

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतमा गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुबै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१–४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस